# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सान्नी त्रिवेणी गाउँपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सान्नी त्रिवेणी गाउँपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## सान्नी त्रिवेणी गाउँपालिका

## कालिकोट

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ८२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सान्नी त्रीवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले सान्नी त्रीवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१० करोड २१ लाख ४६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ५० लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड ७ लाख १० हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४१ लाख ३३ हजार र पेश्की रू.२२ लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.११ करोड ४१ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ६२ लाख ६० हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>७१</td><td>१२५</td><td>१०२१४६</td><td>०</td><td>०</td><td>०</td><td>७१</td><td>१२५</td><td>१०२१४६</td><td>१५०२३</td><td>३४१३३</td><td>५०७१०</td><td>०</td><td>०</td><td>८४८४३</td><td>२२८०</td></tr>
</table>

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आठविस गाउँपालिका कालिकोट | ११४११४ | ० | ० | ११४११४ | ० | १०२१४६ | २१६२६० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट , सान्नी त्रिवेणी गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेत्र राज शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मलिम रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०२,१४५,९८६.०८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,३९,४५,३३९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,२६,७४,००० | **चालु खर्च** | ४१,१३,९६,२९४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,६३,७२,०७८ | **पूँजीगत खर्च** | १०,५१,७३,४६९ |
| **राजश्व बाँडफाँट** | ५,४९,५८,३१२ | **वित्तीय/अन्य व्यवस्था** | २,५२,६८,२०८ |
| **आन्तरिक आय** | ८,५७,७४१ | | |
| **अन्य आय** | १०,७४,६९,५४७ | | |
| **कुल आय** | ५०,२३,३१,६७८ | **कुल खर्च** | ५४,१८,३७,९७१ |
| **बाँकी मौज्दात** | | -५५,६०,९५३.९९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १३६.७२वर्ग किलोमिटर क्षेत्रफल तथा करिब १२ हजार ८४८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि**<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षण विधि अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा समय अभाव,स्रोत साधनको अपर्याप्तता लगायतको कारणले स्थलगत अवलोकन गर्न सकिएको छैन् । स्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निश्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार रहेका छन् । | |
| ३ | | | **स्थानीय सञ्चितकोष**<br><br>आर्थिक वर्ष २०७८।७९ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्रासि र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन माग गरिएकोमा सो अनुसारको सम्पूर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ । | |

| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | विवरण | | रकम | सि. नं. | विवरण | | रकम |
| ज्ञ | **गत वर्षको जिम्मेवारी** | | **३३९४५३३९।००** | ज्ञ | **चालु खर्च** | | **४११३९६२९४।००** |
| | क) नगद | ०।०० | | | आन्तरिक,समानीकरण, राजस्व वाडफाड | १७३३५५४०३।०० | |
| | ख) बैंक | ३३९४५३३९।२२ | | | विशेष अनुदान | ०।०० | |
| | | | | | समपुरक अनुदान | ०.०० | |
| | | | | | सशर्त अनुदान संघ | २३८०४०८९१।०० | |
| | | | | | सशर्त प्रदेश | ००।०० | |
| | | | | | | | |
| द्द | **राजश्व(आन्तरिक आय) राजश्व वाँडफाँड** | | **५५८१६०५३।००** | | | | |
| | क) कर राजश्व | ८५७७४१।०० | | द्द | **पुंजीगत खर्च** | | **१०५१७३४६९।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) राजश्व बाँडफाँड | ५४९५८३१२।०० | | | आन्तरिक,समानीकरण, राजस्व वाडफाड | २७८३०१५५।०० | |
| | ग) राजस्व वाडफाड प्रदेश | ००।०० | | | विशेष अनुदान | ३३५७२१५।०० | |
| | | | | | समपुरक अनुदान | ३२६६०९४।०० | |
| घ | **वित्तीय हस्तान्तरण (संघीय सरकार)** | | २९२६७४०००।०० | | सशर्त अनुदान संघ | ८३७७७१७।०० | |
| | क) समानीकरण अनुदान | ९४१०००००।०० | | | सशर्त प्रदेश | ६३१९३७६६।०० | |
| | ख) सशर्त अनुदान | १९८५७४०००।०० | | | | | |
| | ग) विशेष अनुदान | ण।णण | | | | | |
| | घ) समपुरक अनुदान | ण।णण | | घ | **वित्तीय व्यवस्था** | | (२५२६८२०८।०० |
| | | | | | ऋण भुक्तानी | ०.०० | |
| द्ध | **वित्तीय हस्तान्तरण (प्रदेश सरकार)** | | ४६३७२०७८।०० | | अनुदान फिर्ता संघ | (२४२२०१४२।०० | |
| | क) समानीकरण अनुदान | ९९६८०००।०० | | | अनुदान फिर्ता प्रदेश | (१०४८०६६।०० | |
| | ख) सशर्त अनुदान | २८७८२७०३।०० | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) विशेष अनुदान | ३३५७२१५।०० | | ड्ढ | **लगानी** | | **ण।ण्ण** |
| | घ) समपुरक अनुदान | ४२६४१६०।०० | | | ऋण लगानी | ०.०० | |
| | | | | | शेयर लगानी | ०.०० | |
| छ | **वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)** | | ण।ण्ण | | | | |
| | | | | छ | **विभिन्न कोषको खर्च** | | ०।०० |
| ट | **अन्तर सरकारी अख्तियारी** | | **१०७०४४२१५।००** | | प्रकोप व्यवस्थापन कोष | ०।०० | |
| | मुख्यमन्त्रि रोजगार कार्यक्रम | ३०५४१७९९।०० | | | विविध कोष | ०।०० | |
| | मूख्यमन्त्रि रोजगार प्रोत्साहन कार्यक्रम | १०५०००।०० | | ट | **धरौटी फिर्ता/सदरस्याहा** | | ००।०० |
| | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ५००००।०० | | | फिर्ता | ००।०० | |
| | एकीकृत स्वास्थ्य पूर्वाधा कार्यक्रम | १९९६१५२।०० | | | | | |
| | प्रदेश पूर्वाधार कार्यक्रम | ३७६४२६४।०० | | ठ | **अन्तर सरकारी अख्तियारी** | | **००।००** |
| | सामाजिक सुरक्षा कार्यक्रम | ७०५८७०००।०० | | | अन्तर सरकारी अख्तियारी | ००।०० | |
| | | | | | | | |
| ठ | **विभिन्न कोष तर्फको आय** | | ४२५३३२।०० | ड | **मौज्दात** | | **१९७०७२५४।०१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धरौटी | ४२५३३२।०० | | | क) सञ्चित कोष | १९२८१९२२।०० | |
| | विविध खर्च खाता | ०।०० | | | ख) धरौटी | ४२५३३२।०० | |
| | गरीवी निवारण कोष | ०।०० | | | ग) विविध कोष | ०।०० | |
| | प्रकोप व्यवस्थापन कोष | ०।०० | | | घ) राजस्व वाडफाड<br>ङ) फिर्ता गर्ने रकम<br>च) बैक मौज्दात बढी | ००।०० | |
| | जम्मा | | ५३६२७७०१७।०२ | | जम्मा | | ५३६२७७०१७।०२ |

पालिकाले यस आर्थिक वर्षमा घाटा बजेट बनाएको कारणले संघिय तथा प्रदेश सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रकम भन्दा बैक मौज्दात न्युन भएकोले सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नभएको तर सो बराबर वित्तिय विवरणमा खर्च देखाउदाँ वित्तीय विवरणको मौज्दात ऋणात्मक देखिएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण विश्लेषणः** | |
| ४.१ | | | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्ष साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ | |
| ४.२ | | | **सुत्रको बैक नगदी विवरण र एकिकृत वित्तीय विवरणको वैक नगदी विवरणमा भिन्नताः** पालिकाको सुत्र बाट देखिएको म.ले.प.फा.न २७२ तथा २७५ बमोजिम बैक मौज्दात बाकी जम्मा रु.२३३११०१७७।०० देखिन्छ भने सुत्रमा राजस्व वाडफाड तथा आन्तरिक आय वापतको रकम रु.३८११३७४।७३ तथा गत वर्षको अल्या रु.५६८८७१६।०० एवं संघिय सरकार वाट प्राप्त अनुदान रु.२५५४६००।०० (निकासा बमोजिम आम्दानी नदेखिएको) आम्दानी बाध्न छुटेकोले वास्तविक वैक मौज्दात बाकी रु.२३६९६२१५५१।७३ हुने देखिन्छ । पालिकाले सुत्र बाहिर गरेको कारोवार रु.२४८०३४९३४।०० मा गत वर्षको बैक बाकी रु ३३९४५३३९।०० समायोजन गर्दा बैक मौज्दात रु.२५५३१९५६।७३ हुनुपर्नेमा स्रेस्ता एवं सञ्चित कोषको बैक बाकी जम्मा रु. १९२८१९२२।०० मात्र देखिन्छ । यसरी जम्मा रु.६२५००३४।७३ बैक मौज्दात फरक परेकोमा पालिकाले सुत्र तथा वास्तविक वैक मौज्दात बिचको भिन्नतालाई हिसाब मिलान गर्नुपर्दछ . | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार ऐनको दफा ११२ अनुसार स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाइ लागु गर्ने व्यवस्था भएकोमा आचारसहिता तयार गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• गोश्वरा भौचरमा लेखा प्रमुखले दस्तखत नगरी कार्यालय प्रमुखले मात्रै गरेको पाइयो<br>• सम्पुर्ण आर्थिक कारोबार सूत्र प्रणलीमा गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले पेश्की खाता, कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन ।यस वर्ष संचालित योजना तथा कार्यक्रम कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ मा कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता, पेश्की खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी सम्बन्धित नियकायमा दर्ता गरेको पाइएन ।यसाट समितिको निरन्तरता कायम नहुने र निर्मित संरचानाहरुको नियमित मर्मत संभारमा अपनतत्व समेत नरहने भएकोले ऐनको व्यावस्था पालना हुनु पर्दछ । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा भएको पाईएन।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खर्च लेखा अद्यावधिक गरी भुक्तानी बन्द गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले अन्तिम दिन सम्म पनि भुक्तानी दिएको पाइयो ।यस्ता कार्य बन्द गर्नु पर्दछ ।<br>• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखि नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा समाहित भएका साबिकका गाउँ बिकास समितको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको पाइएन ।पालिकाले पेश्की तथा बेरुजु अभिलेख व्यवस्थित गर्नुपर्दछ ।<br>• कर्मचारीको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी प्रदानः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री हवेइजा कुमारी वुढा गिरीले २०७८।३।१० मा रु ४२ करोड ३ लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ ।पालिकाका अध्यक्षले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको भएतापनि प्रमुख प्रशासकीय अधिकृतले शाखा तथा वडा कार्यालयलाइ अख्तियारी प्रदान गरेको छैन । | |
| ७ | | | **बजेट सीमा निर्धारण समितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने व्वयस्था छ । बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले राजस्व परामर्श समिति र बजेट सिमा निर्धारण समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ३ अनुसार प्रमुख प्रमुख प्रशासकिय अधिकृतले गाँउपालिका कोषवाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पहिलो चौमासिकमा १६, दोश्रो चौमासिकमा १४ प्रतिशत र तेश्रो चौमासिकमा ७० प्रतिशत रहेको छ ।तेश्रो चौमासिकको पनि असार महिनामा मात्र कुल खर्चको ५६ प्रतिशत खर्च भएको छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>चालु खर्च</td><td>३३७८५५६६२</td><td>५१०२५९१०</td><td>४९७५०६७१</td><td>२३७०७९०८१</td><td>१८६७५८७५०</td></tr>
<tr><td></td><td>पूँजिगत</td><td>६९२३४६५६</td><td>१२३००५७०</td><td>१०२५७९४१</td><td>४६६७६१४५</td><td>४२४५५४३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०७०९०३१८</td><td>६३३२६४८०</td><td>६०००८६१२</td><td>२८३७५५२२६</td><td>२२९२१४१८०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१६</td><td>१४</td><td>७०</td><td>५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२३७०००००</td><td>२३७०००००</td><td>५।८२</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>६८०५००००</td><td>६७१०५०००।००</td><td>१६।४९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१७२९१२०००।००</td><td>१६०५५३३१८।००</td><td>३९।४३</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१३६०१०००।००</td><td>१३६०१०००।००</td><td>३।३४</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२००००००।००</td><td>२००००००।००</td><td>०।४९</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१४०१३१०००।००</td><td>१४०१३१०००।००</td><td>३४।४२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२०३९४०००</td><td>४०७०९०३१८</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४।३७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा कम ०।३६ प्रतिशत रहेको छ । | |
| ११ | | | **खरिद गुरुयोजना तथा बार्षिक खरिद योजनाः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले वार्षिक रु. ६ करोड ९२ लाख ३४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।पालिकाले बार्षिक खरिद योजना र गुरुयोजना बनाएको पाइएन ।यसबाट सार्वजनिक खरिद मितव्ययी नहुने, बस्तु तथा सेवा तोकिएको समयमै प्राप्त नहुने र योजना समयमै सम्पन्न नहुन सक्ने जोखिम रहने हुँदा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १२ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ८ लाख ५७ हजार ७४१, गत वर्षको अ ल्या रु १ करोड ३६ लाख ३ हजार ४८१, अन्तर सरकारी अख्तियारीतर्फ रु. १० करोड ७६ लाख ७१ हजार ७५१, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४० करोड १७ लाख २६० समेत गरी रु ५२ करोड ५२ लाख ६१ हजार ४४५ आम्दानी भएकोमा चालु तर्फ रु. ३६ करोड ९३ लाख ६२ हजार १६६ र पूँजिगत तर्फ रु. ११ करोड ६८ लाख ९२ हजार ४२ समेत रु. ४८ करोड ६२ लाख ५४ हजार २०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८३ लाख १८ हजार ६८१ खर्च भएको छ जुन आन्तरिक आयको ३६३.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२।५१ प्रतिशत चालु र २२।९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १३ | | | **लक्ष्य प्रगतिः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १४ | | | **योजना छनौट र कार्यान्वयनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: १० ; रु १ लाख देखि २ लाखसम्म: ५ ; रु २ लाखदेखि ५ लाखसम्मका: १८ ; रु ५लाख देखि १० लाखसम्मका: २१ ; रु १० लाखभन्दा बढीको: १९ ; जम्मा: ७३<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि २ करोड ८० लाख सम्मका जम्मा ७३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका ३३ वटा योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १५ | | | **सेवाप्रवाहको स्थितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार | |

Nested table (within item १४):

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १० | ५ | १८ | २१ | १९ | ७३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>११ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२३१५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>९०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>७९</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१५४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>नखुलेको</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>श्रोतको उपयोगमा मितव्ययीताः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शुसासन (व्यवस्थापा तथा सन्चालन) ऐन २०६४ तथा सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ मा सरकारी श्रोतको प्रयोग गर्दा मितव्ययी ढगबाट अधिकतम सदुपयोग हुने गरी गर्नुपर्ने साथै भ्रमण, तालीम, इन्धन तथा सवारी साधनको प्रयोगमा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ। पलिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ५४०००००।००, सवारी साधानको भाडामा रु २५०००००।००, इन्धनमा रु १९०००००।००, पत्रपत्रिका तथा छपाइमा रु १०००००० खर्च लेखेको पाइयो । पालिकाको कार्यक्षेत्रमा संचालित निर्माण तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन, जिल्ला सदरमुकाम र सुर्खेत लगायतका स्थानमा जाने गरेको पाइयो । यस्ता खर्चमा नियन्त्रण गरिनु पर्दछ । | |
| १६.१ | | | **भ्रमण अभिलेख तथा भ्रमणको प्रभावकारीता:** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकिएको ढाँचमा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको बिकास गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष अनुगमन तथा भ्रमणमा रु ५४०००००।०० खर्च गरेको पाइयो । पालिकाले भ्रमणमा खटिएका कतिपय कर्मचारीको भ्रमण अभिलेख, काम र भ्रमण गर्ने स्थान समेत भ्रमण आदेशमा उल्लेख गरेको पाइएन ।व्यवस्थित भ्रमण अभिलेखको अभावमा एउटै समयमा दोहोरो भ्रमण खर्च दाबि हुन सक्ने र एउटा कर्मचारीले अर्को कर्मचारीका नाममा समेत दैनिक भ्रमण भत्ता भुक्तानी लिन सक्ने जोखिम रहन्छ । आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ । | |
| १६.२ | | | **भ्रमण प्रतिबेदन:** भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट यसबर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता यकीन गर्न सकिएन । | |
| १६.३ | | | **सवारी साधन भाडा:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (४) मा गाउपालिकाले स्थानीय यातायात रुट निर्धारण रुट अनुमति, खारेजि र भाडादर समेत निर्धारण गर्नसक्ने व्यवस्था छ। सार्वजनिक यातयात संचालन हुने राजमार्ग क्षेत्रका स्थानमा जान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भाडाका सवारी साधन प्रयोग गरेको छ ।सार्वजनिक यातायात संचालन हुने राजमार्ग क्षेत्रमा जान समेत गाडी भाडामा लिइ भरपाइ गराइ भाडा भुक्तानी गरेको पाइयो। एउटै स्थानमा जान समेत फरक व्यक्तिले फरक फरक भाडा भुक्तानी गरेकोले पाइएकोले खर्चको वास्तबिकता यकीन गर्न सकिएन । | |
| १७ | | | **अनुदानको अनुगमनः**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शिक्षामा अनुदान उपलव्ध गराएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति समेत तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **अनुदान फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रकम हालसम्म फिर्ता नगरेकोले सो रकम फिर्ता गर्नुपर्ने रु<br><br><table><tr><td>अनुदान</td><td>कुल प्राप्त रकम</td><td>खर्च रकम</td><td>बाँकी रकम</td></tr><tr><td colspan="4">संघ</td></tr><tr><td>सशर्त</td><td>१७०९२३०००।००</td><td>१४६७०२८५८।००</td><td>२४२२०१४२।००</td></tr><tr><td colspan="4">प्रदेश</td></tr></table> | २५,२६८,२०८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सशर्त</td><td>२८७८२७०३</td><td>२८७८२७०३</td><td>००</td></tr>
<tr><td>विशेष</td><td>३३५७२१५।००</td><td>३३५७२१५।००</td><td>०।००</td></tr>
<tr><td>समपुरक</td><td>४२६४१६०।००</td><td>३२६६०९४।००</td><td>९९८०६६।००</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानुन मन्त्रालय</td><td>५००००।००</td><td>००</td><td>५००००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५२६८२०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म करार समेत गरी २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित ३० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करारः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पद ९७ जना कर्मचारीहरु करारमा राखि रु. ३ करोड</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ जना वडा सचिव, ४ जना सहायक चौथो तथा ४ सव इन्नजिनियर करार नियुक्ति गरेको छ</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्तिः<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>९</td><td>९</td><td>५</td><td>४</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः<br><br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमिततता मितव्ययिता कार्यदक्षता र प्रभवकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको छैन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>नयाँ म.ले.प.फारामहरुको प्रयोग<br><br>नेपालको संविधानको धारा २४१ ले नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा सङ्घीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ ले लेखांकन गर्ने तथा प्रतिवेदन गर्ने प्रकृया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोजिमको ढाँचामा राखुपर्ने व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७४ को दफा ३२ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले आय र व्ययको आवधिक विवरण महालेखा नियन्त्रक कार्यालयबाट पेश भै महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३१ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरेबमोजिम गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु ( म.ले.प. फाराम) स्वीकृत भएका छन् । कार्यालयले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनु पर्दछ । | |
| २४ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ८५७७४१।०० अन्य सामाजिक सुरक्षा शिर्षकमा वितरण गरेको छ । यसरी अनुदानमा प्राप्त रकमलाई आर्थिक सहायताको रुपमा वितरण गर्ने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ । | |
| २५ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा नियमावली, २६ वटा कार्यविधि लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेको तथा स्थानीय राजपत्रमा २०७४ असार देखि हाल सम्म प्रकाशित गर्ने गरेको पाइयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यो बर्ष देवानी प्रकृतिका ३ तथा फौजदारी प्रकृतिका १ गरी ४ उजुरी दर्ता भएकोमा सबै ४ उजुरी यसै आ वमै फर्छ्यौट भएको पालिकाले जनाएको छ । | |
| २७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २८ | | | **सम्पत्ति हस्तान्तरण तथा अभिलेखः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा हस्तान्तरण भइ वा खरिद गरि प्राप्त मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>जिन्सी निरिक्षणः<br><br>आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियमन ९९ (१) मा कार्यालय प्रमुखले बर्षमा कम्तिमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेकका कर्मचारीको नेतृत्वमा समिति गठन गरी गराइ तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिबेदन लिइ सोको कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरिक्षण गरेको छैन । यसबाट पालीकाको जिन्सी सम्पत्तिको अवस्था यकीन गर्न सकिएन</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>भण्डार दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कुनै पनि जिन्सी सामग्री कार्यालयले कुने पनि तरिकाबाट प्राप्त गरेमा सोको मुल्य समेत खुल्ने गरी सात दिन भित्र कार्यालय प्रमुख वा निजले जिम्मा दिएको कर्मचारीबाट जिन्सी कितावमा आम्दानी बाँध्नु पर्ने व्यवस्था रहेको छ ।यस कार्यालयले गो भै नं २३।२०७८।६।२४ बाट ८ थान स्टिलको दराज रु १०७१००।०० खरिद गएकोमा हालसम्म पनि भण्डार दाखिला भएको प्रमाण पेश नभएको हुनाले भण्डार दाखिला गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा जिम्मेवार व्यक्ति उपर छनविन गरि यकीन गर्नुपर्ने रु</td><td>१०७,१००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>जिन्सी मालसामानको बरबुझारथः<br><br>आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ (१) मा अवकास प्राप्त गर्दा वा लामो समय काजमा रहदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी म्याद तोकिएकोमा तोकीएको म्याद भित्र र म्याद नतोकीएकोमा एक्काइस दिन भित्र तोकीए बमोजिम बरबुझारथ गरी तोकीएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी सम्म तपशिलका मालसामान फिर्ता गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था बमोजिम फिर्ता गर्नु गराउनु पर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।<table><tr><td>बुझिलिने पदाधिकारीको नाम</td><td>पद</td><td>विवरण</td><td>मूल्य</td><td>परिमाण</td><td>लिएको मिति</td></tr></table></td><td>१,६९९,५७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| होइजा कुमारी वुढा | गा पा उपाध्यक्ष | डेल ल्यापटप i5 | ७३००० | १ | २०७५।१०।१० |
| भरत बहादुर वि क | वडा अध्यक्ष वडा नं १ | मोटरसाइकल v15 150cc | २१५९०० | १ | २०७५।१०।१० |
| बिरजीत बटाला | वडा अध्यक्ष वडा नं २ | मोटरसाइकलunicone Read 150 cc | २४९००० | १ | २०७५।०४।१४ |
| विष्णु प्रसाद देवकोटा | वडा अध्यक्ष वडा नं ३ | मोटरसाइकल unicone Read 150 cc<br>सोनी क्यामेरा | २३९६३० | १ मोसा<br>१ क्यामेरा | २०७५।१०।१० |
| नरेस बम | वडा अध्यक्ष वडा नं ५ | मोटरसाइकल NS 160 | २६९९५२ | १ | २०७५।१०।१० |
| मनिलाल सिमखाडा | वडा अध्यक्ष वडा नं ७ | ल्यापटप Dell i3, lenevo i3 | १६६२९६ | Dell २<br>lenevo१ | २०७५।१०।१० |
| जनक खत्री | वडा अध्यक्ष वडा नं ८ | मोटरसाइकल bajaj 150 | २४२९०० | १ | २०७५।१०।१० |
| ध्वज बहादुर शाही | वडा अध्यक्ष वडा नं ४ | मोटरसाइकल bajaj 150 | २४२९०० | १ | २०७५।१०।२० |
| जम्मा | | | १६९९५७८ | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **धरौटी तर्फः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु.४२५३३२ अल्या गरेकोमा यस वर्ष सोही रकम रु४२५३३२।०० मौज्दात बाँकी रहेको देखिन्छ । कार्यालयले राख्नुपर्ने केन्द्रीय धरौटी खाता, व्यक्तिगत धरौटी खाता र नाम नामेसी विवरण समेत राख्ने नगरेबाट मौज्दात बाँकी रकम यकिन गर्न सकिने आधार देखिएन । अतः नियमानुसार राख्नुपर्ने खाता तथा विवरण राखी धरौटी अभिलेख अद्यावधिक गर्नुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । | |
| ३३ | | | **मोटरसाइकल नामसरी**<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९५ मा खरिद गरिएका सम्पत्ति मुल्य खुलाइ सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधीक गर्नुपर्ने व्यवस्था छ । पालिकाले असिम अटो पार्टसबाट १५० सिसिको पल्सर मोटरसाइकल रु ३००१३०।०० मा खरिद गरि भौ नं ११।२०७९।२।१८ बाट सो रकम भुक्तानी दिएको पाइयो । उक्त मोटरसाइकल लेखापरीक्षण अवधि सम्म पालिकाको नाममा नामसारी भएको पाइएन । नियमवलीको व्यवस्था बमोजिम नामसारी गरी जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ३००,१३० |
| ३४ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.२००००००।०० खर्च गरेको छ । यस्ता अनुत्पादक खर्चमा कटौती गर्नु पर्दछ । | |
| ३५ | | | **अवकाश कोष स्थापनाः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ (१) मा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धि कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित सुबिधा प्रदान गर्न एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।पालिकाले हाल सम्म अवकास कोषको व्यवस्था गरेको पाइएन । प्रचलित कानुनी व्यवस्था अनुसार कोष स्थापना गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ८ लाख ५७ हजार ७ सय ४१ अर्थात अनुमान भन्दा ८५।५७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको दायरा बिस्तार गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>कर तथा शुल्क असुलीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>मालपोत</td><td>०।००</td><td>०।००</td><td>०।००</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३०००००।००</td><td>३०००००।००</td><td>१००</td></tr>
<tr><td>अन्य</td><td>७०००००।००</td><td>६०००००।००</td><td>८५।७१</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारा बिस्तार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.३</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २७(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै तोकिएको समयमा राजश्व</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका र अन्तर्गतका ९ वटा वडाबाट रु ९३०९०५।०० राजस्व संकलनको विवरण पेश गरेको पाइयो । भौगोलिक बिकटताका कारण संकलन गरेको राजश्व तोकीएको अवधीमै बैक दाखिला हुन नसकेको पालिकाले जनाएको छ । पालिकाले ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा एकिकृत विवरण तयार पारेको छैन । बिस्तृत बिबरणको अभावमा संकलन गरेको राजस्व समयमै दाखिला भएको एकीन गर्ने आधार छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **स्थायी लेखा नम्बरः**<br><br>आयकर ऐन २०५८ को दफा २१ को घ१ मा कर्मचारी तथा कामदारको तलव र ज्याला भुक्तानी गर्दा अनियबार्य स्थायी लेखा नम्बर लिएका व्यक्तलाइ मात्र भुक्तानी गरी खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले कुल पारिश्रमिक वापत रु ३ करोड ९५ लाख ५९ हजार ००० खर्च गरेकोमा अधिकांश कर्मचारीहरुले व्यक्तिगत स्थायी लेखा नम्बर नलिएको पाइयो ।पालिकाले कर्मचारी तथा पदाधिकारीले स्थायी लेखा नम्बर लिए पश्चात मात्र पारिश्रमिक भुक्तानी गर्ने र भुक्तानी तथा कर कट्टीको विवरण इ टिडिएस गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३८ | | | **पदाधिकारी सुविधा**<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ वमोजिम सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि यस ऐनवमोजिमको सुविधा पाउने व्यवस्था गरेको छ । जसअनुसार गाउपालिकाले पदाधिकारी सुविधामा ८० लाख २६ हजार ००० खर्च लेखेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**प्रयोजन नखुलाई पेश्कीः**

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा विवरण तथा प्रयोजन खुलाइ अधिकार प्राप्त अधिकारीले स्वीकृत गरे पश्चात मात्र पेश्की दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन तथा सामाग्री खरिदको लागि कर्मचारीहरुलाई पेश्की दिदाँ कुनै पनि प्रयोजन नखुलाई एकमुष्ठ रकम भुक्तानी गरेको छ । यसबाट पेश्की रकम उद्देश्य, कार्यक्रम भन्दा फरक शिर्षक र कार्यमा समेत खर्च हुन सक्ने जोखिम रहन्छ । तसर्थ पालिकाले विस्तृत विवरण र प्रयोजन खुलाएर मात्र पेश्की दिनु पर्दछ । यसका केही उदाहरण हरुनिम्न छन् ।

<table>
<tr><td>गो भै नं र मिति</td><td>कर्मचारीको नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>६८।२०७८।८।१३</td><td>दक्षिणा रोकाया</td><td>कुनै विवरण पेश नभएको</td><td>१०००००</td></tr>
<tr><td>६४।२०७८।८।०१</td><td>गा पा खेलकुद समिति</td><td>कुनै विवरण पेश नभएको</td><td>५०००००</td></tr>
<tr><td>२५।२०७८।६।२३</td><td>शुभकालिका FM</td><td>कुनै विवरण पेश नभएको</td><td>३५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>

**पेश्की माथि पेश्कीः**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार पेश्की लिइसकेपछि कार्य सम्पन्न गरेको १५ दिन भित्र पेश्की फछ्र्योट गर्नुपर्ने तथा फछ्यौट नगरेसम्म पुन सोही कर्मचारीले पेश्की दिन नपाइने व्यवस्था छ । पालिकामा अगाडी लिएको पेश्की फछ्यौट नगरीकन पुन सोही व्यक्तिलाई नयाँ कार्यक्रमको लागि पेश्की दिएको देखियो । यसरी पेश्की फछ्यौट नगरेसम्म पुनः सोही व्यक्तिलाई पेश्की दिने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन् ।

<table>
<tr><td>गो भै नं र मिति</td><td>पेश्की लिएको व्यक्ति</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१५९,२०७८।०९।२८</td><td>वडा नं ८ सचिव विरेन्द्र शाही</td><td>नखुलाइएको</td><td>१८००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २३४,२०७८।१२।०६ | वडा नं ८ सचिव विरेन्द्र शाही | नखुलाइएको | ३००००० |
| २४३,२०७८।१२।०७ | वडा नं ८ सचिव विरेन्द्र शाही | नखुलाइएको | ४००००० |

| भौ नं | पेश्की लिनेको नाम | प्रयोजन | रकम रु |
|---|---|---|---|
| ३०।२०७८।९।२२ | मिन बहादुर बिष्ट | स्वास्थ्य कार्यक्रम संचालन | ५००००० |
| ३०।२०७८।९।२२ | मिन बहादुर बिष्ट | स्वास्थ्य कार्यक्रम संचालन | ५००००० |
| २७।२०७८।९।२२ | दिर्घ बहादुर नेपाली | | २००००० |
| २५।२०७८।९।२२ | दिर्घ बहादुर नेपाली | | २००००० |
| २९।२०७८।९।२२ | मिन बहादुर बिष्ट | अभिमुखिकरण | १००००० |
| ६१।२०७८।११।२३ | सुदर्शन बम | मातृशिशु कार्यक्रम | २००००० |
| ३३।२०७८।९।२२ | बबिता कुमारी शाही | मातृशिशु कार्यक्रम | ४००००० |
| ३३।२०७८।९।२२ | बबिता कुमारी शाही | मातृशिशु कार्यक्रम | १००००० |
| ३६।२०७८।९।२२ | भाग्यश्री शाही | मातृशिशु कार्यक्रम | २००००० |
| ६।२०७८।९।२० | मीन बहादुर बिष्ट | शिक्षा समानीकरणबाट | २५०००० |
| ११७।२०७८।९।२० | बबिता कुमारी शाही | पोषण प्याकेज | ५००००० |
| | मीन बहादुर बिष्ट | प्रयोजन नखुलेको | १८५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **पारिश्रमिक करकट्टीः**<br><br>आयकर ऐन २०५८ को दफा ८७ बमोजिम ऐनको अनुसुचि १ बमोजिमको दरमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । देहायका कर्मचारीहरुले सो दरमा करकट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर तथा कम पारिश्रमिक करकट्टी गरेकोले सो कम भएको रकम दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु. | ३३१,८५७.९७ |

| क्र. स | कर्मचारीको नाम | जम्मा आय | कट्टी रकम | करयोग्य आय | लाग्ने कर रकम | कट्टी गरेको कर रकम | कम भएको कर रकम |
|---|---|---|---|---|---|---|---|
| १ | नेत्र राज शाही | ७६०९५३ | १४६८६० | ६१४०९३ | २७३१९ | ६१४१ | २११७८ |
| २ | प्रकाश के सी | ६४०८२४ | १२९७०० | ५१११२४ | १०६१२ | ५१११ | ५५०१ |
| ३ | धिरेन्द्र धामी | ६४०८२४ | १२९७०० | ५१११२४ | १०६१२ | ५१११ | ५५०१ |
| ४ | प्रेम सार्की | ५९५२५१ | १२४४९२ | ४७०७५९ | ६५७६ | ४७०८ | १८६८ |
| ५ | मोहन सुवेदी | ६४३८७० | ० | ६४३८७० | ३३२७४ | ६४३९ | २६८३५ |
| ६ | भुपेन्द्र बहादुर थापा | ५८१७१० | १२७४०८ | ४५४३०२ | ४९३० | ४५४३ | ३८७ |
| ७ | कमल बहादुर बम | ६६७८७० | ० | ६६७८७० | ३८०७४ | ६६७९ | ३१३९५ |
| ८ | प्रकाश बराल | ६६७८७० | ० | ६६७८७० | ३८०७४ | ६६७९ | ३१३९५ |
| ९ | दिप बहादुर रावत | ८८६१२८ | १६९१४४ | ७१६९८४ | ४७८९७ | ७१७० | ४०७२७ |
| १० | तज बा शाही | ६५३०८६ | १३७७५२ | ५१५३३४ | ११०३३ | ५१५३ | ५८८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | हगराज देवकोटा उपेश सकहारी | ६२४११८ | १३२८५६ | ४९१२६२ | ८६२६ | ४९१३ | ३७१४ |
| १२ | केश प्रसाद जैसी | ६५३०८६ | १३७७५२ | ५१५३३४ | ११०३३ | ५१५३ | ५८८० |
| १३ | मिन बहादुर विष्ट | ८८८६५८ | १६९५७६ | ७१९०८२ | ४८३१६ | ७१९१ | ४११२६ |
| १४ | दिर्घ बहादुर नेपाली | ८८८६५८ | १६९५७६ | ७१९०८२ | ४८३१६ | ७१९१ | ४११२६ |
| १५ | दिपेश कुमार बम | ६४०४४८ | १३५६१६ | ५०४८३२ | ९९८३ | ५०४८ | ४९३५ |
| १६ | सुदर्शन बम | ६४०४४८ | १३५६१६ | ५०४८३२ | ९९८३ | ५०४८ | ४९३५ |
| १७ | एलिजा शाही | ६२७१०० | १३३३६० | ४९३७४० | ८८७४ | ४९३७ | ३९३७ |
| १८ | छत्र बहादुर बम | ६६७१४४ | १०४१२८ | ५६३०१६ | १७१०३ | ५६३० | ११४७३ |
| १९ | धिरेन्द्र बहादुर खत्री | ६६७१४४ | १०४१२८ | ५६३०१६ | १७१०३ | ५६३० | ११४७३ |
| २० | लिलत जंग बम | ६५३७९६ | १३७८७२ | ५१५९२४ | ११०९२ | ५१५९ | ५९३३ |
| २१ | जिवन बहादुर वुढा | ६१२०३१ | १३३१६८ | ४७८८६३ | ७३८६ | ४७८९ | २५९८ |
| २२ | महादेश न्यौपाने | ६१२०३१ | १३३१६८ | ४७८८६३ | ७३८६ | ४७८९ | २५९८ |
| २३ | धुर्व राज बराल | ५८६८४५ | १२८९०८ | ४५७९३७ | ५२९४ | ४५७९ | ७१४ |
| २४ | तपेन्द्र वुढा | ६२४६३० | १३५२९२ | ४८९३३८ | ८४३४ | ४८९३ | ३५४० |
| २५ | विमला बम | ६९३८४० | १४४६४० | ५४९२०० | १४४२० | ५४९२ | ८९२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६</td><td>बविता कुमारी शाही</td><td>६२४६३०</td><td>१३५२९२</td><td>४८९३३८</td><td>८४३४</td><td>४८९३</td><td>३५४०</td></tr>
<tr><td>२७</td><td>मन्जु रोकाया</td><td>५८६८४५</td><td>१२८९०८</td><td>४५७९३७</td><td>५२९४</td><td>४५७९</td><td>७१४</td></tr>
<tr><td>२८</td><td>निरु कुमारी महतरा</td><td>५८६८४५</td><td>१२८९०८</td><td>४५७९३७</td><td>५२९४</td><td>४५७९</td><td>७१४</td></tr>
<tr><td>२९</td><td>भाग्वश्वरी शाही</td><td>५९९४३२</td><td>१३१०३२</td><td>४६८४००</td><td>६३४०</td><td>४६८४</td><td>१६५६</td></tr>
<tr><td>३०</td><td>निलम कुमारी संजेल</td><td>५९९४३२</td><td>१३१०३२</td><td>४६८४००</td><td>६३४०</td><td>४६८४</td><td>१६५६</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३३१८५८।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>लागत साझेदारीमा तालिम<br><br>अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार ७ दिन सम्म संचलन हुने तलिमका सहभागिलाई प्रति व्यक्ति रु ५० का दरले स्टेश्नरी वस्तु वितरण गर्ने व्यवस्था छ ।यस पालिकाले गो भै नं ४४७।२०७९।३।३० बाट योजना प्रमुख धिरेन्द्र धामीले रु ३०००००।०० प्रदेश सुशासन केन्द्र, सुर्खेत संग लागत साझेदारीमा राजस्व, लेखा तथा प्रशासन सम्वन्धि तालिम संचालन गर्न लिएको पेश्की फस्यौट गर्दा अर्थ मन्त्रालयको नम्स विपरित हुने गरि ८० जना सहभागीलाई रु २००००० को झोला भरपाई गरी वितरण गरेको पाइयो ।यसरी वितरण गरेको मालसामानको खर्च पुष्टि हुने आधार र कारण पेश गर्नुपर्न अन्यथा सम्वन्धित व्यक्ति बाट असुल उपर गरिनुपर्दछ ।</td><td>२००,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>समिक्षा बैठकमा सहभागि भत्ता<br><br>अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ मा कार्यालयका कर्मचारी मात्र सहभागि भएको बैठक तथा समिक्षा कार्यक्रमा सहभागिलाइ भत्ता दिने व्यवस्था भएको पाइएन । पालिकाका स्वास्थ्य शाखाका सि अ हे ब मिन बहादुर बिष्टले चैत्र ९ र भाद्र २ गते समिक्षा बैठकमा शाखाका बिभिन्न सहभागिलाइ रु १००० का दरले १० जनालाइ भत्ता बितरण गरेको भरपाइ संलग्न गरी भौ</td><td>२१,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नं ७२।२०७९।१।१५ रु २१६००।०० भुक्तानी लिएको पाइयो । कार्यालयको नियमित समिक्षा कार्यक्रममा भत्ता लिन मिल्ने आधार प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु | |
| ४४ | | | **सहभागी भत्ता**<br><br>आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा पष्टयाइ हुने बिल भरपाइ प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका स्वास्थ्य चौकीमा २०७९।२।१७ मा VIA फिस्टुला स्क्रिनिङ्ग क्याम्पमा कार्यालयकै ५ जना सहभागिलाइ प्रति सहभागि रु १००० का दरले रु ५०००।०० यातायात भत्ता बितरण गरेको भर्पाइ संलग्न गरी सि अ हे ब मीन बहादुर बिष्टलाइ भौ नं ९४।२०७९।३।१६ बाट रु ४८८००।०० भुक्तानी दिएको पाइयो । अत भरपाइ भन्दा बढी भुक्तानी हुनुको पुष्याइ सहितको प्रमाण पशे गर्ने अन्यथा असुल गर्नपर्ने रु | ४३,८०० |
| ४५ | | | **कार्यक्रम संचालन नगरी पेश्की फस्यौटः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ र १० मा खर्च भएको पुष्टि गर्ने विल, भरपाई, प्रमाण तथा अन्य कागजातहरु पेश गर्नुपर्ने तथा जिम्मेवार व्यक्तिले भुक्तानी दिन रित पुगे नपुगेको एकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।गो भै नं ४४९ मिति २०७९।३।३० बाट खरिदार धिरेन्द्र धामीले तलब पेश्की ५०००००।०० लिएकोमा अन्य कार्यक्रम गरेको भनि विल भौचर भरपाई संलग्न गरी पेश्की फछ्यौट गरेकोले सो रकम सम्बन्धित उद्देश्य प्राप्तिमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५००,००० |
| ४६ | | | **बडा अध्यक्ष मणीलाल सिम्खडा स्वास्थ्य उपचार खर्च**<br><br>गो भै नं २६ मिति २०७८।६।२४ बाट राहत उद्दार तथा पुनस्थापना खर्च शीर्षकबाट वडा अध्यक्ष मणीलाल सिम्खडालाई स्वास्थ्य उपचारको लागि सुर्खेत हुदै काठमान्डौ लगिएको ।काठमान्डौको नर्भिक इन्टरनेशनल अस्पताल भर्ना गरिएको र विभिन्न विल भरपाई को आधारमा रु ३७२८७५।०० रकम खर्च भएको कागजातको आधारमा भुक्तानी भएको पाइयो ।यसरी स्थानीय तहका | ३७२,८७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पदाधिकारीको सेवा सम्बन्धी ऐन २०७५ अनुसार कुनै पनि औषधि उपचार खर्च पाउने व्यवस्था नभएको तथा कुनै प्रकृतिक विपत्ती नभएकोले राहत उद्दार खर्च शीर्षकबाट खर्च लेखिनु नियमसंगत भएको नदेखिएन</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>अभिमुखिकरण कार्यक्रममा भत्ता<br><br>अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ मा तालीम कार्यक्रमा सहभागिलाइ २ दिन सम्म संचालन हुने कार्यक्रममा प्रति सहभागि यातायात खर्च रु २००।०० दिने व्यवस्था छ ।पालिकाले कार्यालयकै कर्मचारी सहभागि रहेको अभिमुखिकरण कार्यक्रममा सहभागिलाइ भुक्तानी गरेको भरपाइ संलग्न गरी भौ नं ९३।२०७९।३।१६ बाट सि अ हे व मीन बहादुर बिष्टलाइ रु ३२०००।०० भुक्तानी दिएको पाइयो । उक्त कार्यक्रममा ६ जानलाइ १०००।०० र १० जनालाइ रु ७००।०० का दरले भुक्तानी दिएकोमा बढी भक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>९,८००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कार्यक्रम बजेटबाट दैनिक भ्रमण भत्ता<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३८(२) मा अधिकारप्राप्त अधिकारीले स्विकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकि रहेको कुरा यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका कार्यक्रममा बिनियोजित बजेट फरक प्रयोजनमा खर्च गरेको पाइयो । एउटा कार्यक्रममा बिनियोजन भएको बजेट दैनिक भ्रमण भत्तामा खर्च गरेको नियम सम्मत नदेखिएको रु<br><br>
<table>
<tr><td>भौ नं</td><td>बिनियोजन भएको शिर्षक</td><td>खर्च गरेको शिर्षक</td><td>रकम रु</td><td>कैफियत</td></tr>
<tr><td>१७०।२०७९।३।२४</td><td>परिवार नियोजन कार्यक्रम</td><td>दैनिक भ्रमण भत्ता</td><td>२०४०७०</td><td>बिभिन्न ७ जनाको सुर्खेत र मान्मा जादाको दैनिक भ्रमण भत्ता</td></tr>
</table></td><td>२५९,६७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १६३।२०७९।३।२४ | मातृशिशु कार्यक्रम | दैनिक भ्रमण भत्ता | ५५६०० | बिभिन्न ३ जनाको सुर्खेत र जिल्ला भित्र जादाको दैनिक भ्रमण भत्ता |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **तालिम खर्च** | ६८,१०० |

अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ मा तालीम कार्यक्रमा सहभागिलाइ प्रति सहभागि खाजा वापत रु २००।००, यातायात खर्च रु २००।०० र स्टेसनरी वापत रु ५०।०० दिने व्यवस्था छ । स्वास्थ्य शाखाका सि अ हे ब मीन बहादुर बिष्टले बिभिन्न स्थानमा पालिका स्तरीय टाइफाट खोप सम्बन्धि १ दिबसीय अभमुखिकरण कार्यक्रम संचालन गरी निम्नानुसार बढी भुक्तानी दिएकोले बढी भुक्तानी असुल हुनुपर्ने

| कार्यक्रम नं | सहभागि संख्या | खाजानम्स अनुसार | | स्टेसनरी | | यातायात खर्च | | बढी रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| | | दिनुपर्ने | दिएको | दिनुपर्ने | दिएको | दिनुपर्ने | दिएको | |
| १, | ३३ | २०० | २०० | ५० | १०० | २०० | १००० | २८०५० |
| २ | ३३ | २०० | २०० | ५० | १०० | २०० | १००० | २८०५० |
| ३ | १२ | २०० | २०० | ५० | ५० | २०० | ७०० | ६००० |
| ४ | १२ | २०० | २०० | ५० | ५० | २०० | ७०० | ६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **ओभर टाइम भत्ताः** | १४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | गो भै नं २२९ बाट हेल्थ असिस्टेन्ट दुर्गा बहादुर रोकायालाई चैत्र र बैशाखको कोरोना अस्पतालमा ओभर टाइम गरे बापत भत्ता रु १४४०००।०० बुझिलिएको पाइयो । कार्यालयले ओभरटाइम भत्ता लिने आधार र करण खुलाई पेश गर्नु पर्ने तथा सो निर्णय गर्ने अधिकार प्राप्त अधिकारीको निर्णय समेत पेश गरी खर्चको पुष्टि गर्नुपर्ने रु | |
| ५१ | | | **अभिमुखीकरण तालिमः**<br><br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ मा प्रति व्यक्ति खाजा रु २०० र मसलन्द रु ५० तथा तालिममा संयोजन गर्ने लाई संयोजन भत्ता प्रति दिन रु १००० र दुई जना सहयोगी लाई प्रति दिन ३०० का दरले दिने व्यवस्था छ। कार्यालयले गो भै नं ६२।२०७८।११।२३ बाट एक दिने अभिमुखीकरण तलिमको लागि प्रेम सार्की लाई रु १०००००।०० पेश्की दिएकोमा सोको फर्छ्यौट गर्दा उपलब्ध गराइएको विवरणमा निर्देशिका विपरित तालिम संयोजक, सहयोगी लगायत अन्य ३६ जनालाई रु ४५९०० भरापई गरी भत्ता विवरण भएको ।नम्स अनुसार तालिम संचालन गरेबापत उपलब्ध गराइनुपर्ने रु १३०० हुनुपर्नेमा रु ४५९०० वितरण भएकाले वढी भुक्तानी भएको रकम रु ४४६०० सम्बन्धित पेश्की लिने व्यक्तिबाट असुलउपर गरिनुपर्ने | ४४,६०० |
| ५२ | | | **परामर्श सेवा (DPR)को खरिदः**<br><br>पालिकाले यस आ.ब मा जम्मा १५ वटा परामर्शदातासँग जम्मा रु.११२४३५३१।०० को परामर्श सेवा खरिद गरेकोमा नमूना छनौट गरी परीक्षण गरिएका देहायका आयोजनाको डिपिआर खरिदमा देखिएका व्यहोराहरु निम्न छन् | |
| ५२.१ | | | **परामर्श सेवा खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ (१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा कमको परामर्श सेवा मौजुदा सुचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राबिधक तथा आर्थिक प्रस्ताव सिलबन्दी खाममा माग गरि खरिद गर्न सकिने र उपनियम २ मा सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटालाइ प्रस्ताव सम्बन्धि कागजात पठाइ प्राबिधिक र आर्थिक प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका परामर्शदाता संस्थाहरुबाट परामर्श सेवा खरिद गरेकोमा कम्तिमा ३ वटा सेवा प्रदायकहरुको खुला प्रस्ताब माग गरेको भनि तुलनात्मक विवरण तयार पारेको छ तर सोको कार्यालयमा दर्ता तथा आधिकारिक समिति गठन गरी मूल्याङ्कन गरेको छैन् । पालिकाको डिपिआर खरिद सँग सम्बन्धित कुनै पनि पत्र तथा कागजातमा जिम्मेवार व्यक्तिको दस्तखत समेत छैन् । यसरी पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम सिलबन्दी खाममा आधिकारिक | ६,६१५,७६३.७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रुपमा आर्थिक तथा प्राविधिक प्रस्ताव कम्तिमा ३ वटा फर्मबाट माग गरी प्रस्ताव मूल्याङ्कन समितिमार्फत मूल्याङ्कन गरी नियमावलीको प्रकृया बमोजिम खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले नियमित गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं मिति</th><th>कामको विवरण</th><th>परामर्श दाता फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३२५/२०७९।०३।३०</td><td>डाडुके देखि छापे सम्म सडक निर्माण</td><td>एस्ट्रोर्ट इन्जिनियरिङ्ग फर्म</td><td>१०३६३११।७०</td></tr>
<tr><td>३२४/२०७९।०३।३०</td><td>५ शैया अस्पताल डिपिआर</td><td>श्री रियर अवजेटिभ इन्जिनियरिङ्ग</td><td>१४७७७५०।००</td></tr>
<tr><td>४४०/२०७९।०३।३०</td><td>कालाशिल्ला मन्दिर देखी दुनेला सम्म सडक डिपिआर</td><td>श्री घर इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>८०६५६०।००</td></tr>
<tr><td>४३९/२०७९/१/१५</td><td>विभिन्न सडक योजनाको डिपिआर</td><td>उन्नति इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१२९९९५४।००</td></tr>
<tr><td>४३८/२०७९।०१।१५</td><td>बडिमालिका पर्यटन प्रबर्द्धन</td><td>सन्ध्या कन्सल्टेन्सी प्रालि</td><td>१९९५१८८।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६६१५७६३।७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>परामर्श सेवाको लागत अनुमानः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक नियकायले कुनै पनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा परामर्श सेवा खरिद गर्दा लागत अमान तयार गरेको पाइएन । यसबाट खरिद प्रतिस्पर्धी र मितव्ययी भएको मान्न सकिएन । प्रचलित ऐनको व्यवस्था बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरि खरिद गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.३ | | | **परामर्श दताको कार्यशर्तः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ को २ (ख) मा खरिद गर्नुपर्ने सेवाको प्रकृति, अवधी, सेवाको कार्यक्षेत्रका शर्तहरु र अपेक्षित परिणाम, सम्झौताका शर्तहरु सहित प्रस्ताव माग गर्नुपर्नेमा उल्लेखित बिषयहरु खुलाएको पाइएन । यसबाट परामर्शदाताले तोकिएकै बिधि तथा प्रकृया पुरा गरी प्रतिबेदन तयार गरेको र अपेक्षित नतिजा प्राप्त भएको सुनिश्चित गर्ने आधार छैन । साथै परामर्शदाताको कार्यशर्तमा दुबै पक्षको हस्ताक्षर हुनुपर्नेमा सो समेत गरेको पाइएन । यसबाट परामर्शदातालाई कार्यशर्त तोकिएको थियो भनेर आवश्वस्त हुन सकिएन । तोकिएको चौमासिकमा सम्पन्न गर्नुपर्ने काम आर्थिक बर्षको अन्तमा बजेट फ्रिजहुन नदिने उद्धेश्यले खर्च गर्दा कामको गुणस्तर कायम हुन नसक्ने र खरिद मितव्ययी तथा प्रभावकारी समेत हुने देखिदैन । भौगोलिक बिकटता र बर्षातको समयमा चितवन र काठमाण्डौंबाट तत्काल आइ कार्यशर्तमा लाग्ने समयभन्दा निकैनै कम समयमा काम सम्पन्न प्रतिवेदन जारी गरेको देखियो । यसबाट परामर्शदाता सम्न्धित कार्यस्थलमा भौतिक रुपमा पुगेको थियो वा थिएन यकिन गर्न सकिएन । | |
| ५३ | | | **सामाजिक सुरक्षाः**<br><br>पालिकाले सामाजिक सुरक्षा वितरणको लागि प्रथम, दोश्रो, तेश्रो र चौथो त्रैमासिकमा गरी सानिमा बैंक लिमिटेडमा रु. ७०५८७०००।०० निकासा गरेकोमा रु ६९७३५५२७।०० वितरण गरेको देखाएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ५३.१ | | | **लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभ ग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.२ | | | **दाखिलाको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। पालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न सानिमा बैंकलाई रु. ७०५८७०००।०० निकासा दिएकोमा सो आथिक वर्ष भित्रमा रु. ६९७३५५२७।०० वितरण गरेको प्रमाण कार्यालयमा पठाएको छ ।बैकले रु.८५१४७३।०० निकासा प्राप्त गरि वितरण हुन नसकेको रकम भौचर नं ३८२३३९०८ बाट २०७९।५।२९ मा फिर्ता गरेको छ । | |
| ५३.३ | | | **निष्कृय खाताको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १२(च) बमोजिम एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा उक्त व्यक्तिको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। दफा १६(ग) मा लाभग्राहीले खाता निष्क्रिय भएपश्चात बैंकबाट रकम झिक्न नसक्ने उल्लेख छ। नगरपालिकाले बैक मार्फत सामाजिक सुरक्षा वितरण गरेको भएता पनि यस्ता निष्क्रिय खाताको विवरण केकति छन भनि लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । | |
| ५३.४ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।<br>**सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५३.५ | | | **अनुगमन तथा सुपरिवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति नै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनु पर्ने देखिन्छ। | |
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको अवस्था छ । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, गोरेटो वाटो, खेलकुद मैदान तथा प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष करिब १६९ जनालाई रोजगारी उपलव्ध गराई रु. ९६ हजार ५३८ खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि ५५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५५ | | | **कोभिड १९ बाट अति विपन्नको लागि राहत वितरणः**<br><br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारको लागि नगद हस्तारण कार्यविधि २०७८ बमोजिम ३६९ जनालाइ प्रतिव्यक्ति रु १००००।०० दरले रु ३६९००००।०० खर्च लेखेको पाइयो ।पालिकाले मापदण्डको व्यवस्था तथा प्रकृयार वास्तबिक पिडित भएको प्रर्याप्त आधार प्रमाण बेगर रकम सम्बन्धितको बैक खाता मार्फत | ३,६९०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पठाउनु पर्नेमा भरपाइ गराइ भुक्तानी गरेको छ ।मापदण्डको पालना नहुदा वास्तबिक प्रभाबित व्यक्ति छनौट भएको र रकम पाएको यकीन गर्ने आधार छैन । यसरी मापदण्डको पलाना नगरी बितरण गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । यस सम्बन्धी थप व्यहोरा निम्मानुसार रहेका छन् :<br>लाभग्राही छनोट र राहत वितरणः उक्त कार्यविधिको दफा ३ मा लाभग्राही छनौट गर्ने आधार निर्धारण गरेको छ भने दफा ४ ले यदि कुनै परिवारको सदस्य संगठित/असंगठित क्षेत्रमा रोजगार गरिरहेको अवस्थामा, परिवारको कुनै एक सदस्यले कुनै पनि किसिमको सामाजिक सुरक्षाभत्ता प्राप्त गरिरहेको, पैत्रिक आयवाट तत्कालको आवश्यकता पुरा हुने अवस्था रहेको तथा प्रधानमन्त्री रोजगारीमा सहभागी भएको व्यक्तिले उक्त राहत नपाउने व्यवस्था छ । पालिकाले विभिन्न ९ वटा वडा कार्यालयबाट ३६९ जनालाई राहत वितरण गरेको नमुना छनोटको आधारमा निवेदन परीक्षण गर्दा लाभग्राहीले अनुसुचि १ को ढाँचामा भर्नुपर्ने निवेदनका सम्पूर्ण कुराहरु स्वघोषणा गरेका छैनन् भने कुन आधार तथा मापदण्डको आधारमा उक्त सुविधा प्राप्त गर्ने हो सो समेत खुलाइएको छैन् । मापदण्डको दफा ६ को उपदफा ३ मा प्रशासकिय अधिकृतले रित पुगेका निवेदन छनोट गरी दावि विरोधका लागि सुचना जारी गर्नुपर्नेमा सो समेत नगरी निवेदनमा पूरा विवरण नभरेका तथा स्वघोषणा विना नगद हस्तातरण गरेको पाइयो । यसरी मापदण्डले स्पष्ट तोकेको अवस्थामा कुन आधार, मापदण्ड तथा दायराबाट सुविधा प्राप्त गर्ने हो सो समेत नखुलाई प्राप्त निवेदनकै आधारमा रकम वितरण गर्दा मापदण्ड विपरित भएकोले सो बितरण गर्नको आधार र पुष्टयाइ सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>छोरीको बैंक खाताः<br><br>बैंक खाता छोरीको सुरक्षा जिवन भरीको मूल मर्मलाई आत्मासाथ गरी लागु गरीएको यस कार्यक्रम कार्यान्वयन निर्देशिकामा छोरी जन्मेको ४५ दिन भित्र जन्म दर्ता गराई बैक खाता खोल्नुपर्ने व्यवस्था छ ।पालिकाले सो व्यवस्था विपरित छोरीको खातामा निरन्तर रकम जम्मा गरेको पाइयो ।जन्मदर्तालाई प्रोत्साहन र छोरीलाई तथा छोरीलाई छिटो विवाह गर्न निरुत्साहित गर्न लागु गरिएको यस्तो कार्यक्रमलाई सफल बनाउन निर्देशिकाको व्यवस्था पालना गर्न तर्फ पालिकाको ध्यान दिनुपर्न देखिन्छ ।केही उदाहरणहरु<br><br><table><tr><td>नाम थर</td><td>जन्म मिति</td><td>दर्ता मिति</td><td>फरक परेको दिन</td></tr><tr><td>सलिना संज्याल</td><td>२०७७।६।९</td><td>२०७७।८।१९</td><td>७० दिन</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सुवाना बम</td><td>२०७७।३।१</td><td>२०७७।९।२६</td><td>२०६ दिन</td></tr>
<tr><td>मालति बम</td><td>२०७७।६।२८</td><td>२०७७।१०।२०</td><td>११२ दिन</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br><br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि २०७५ को बुँदा नं ३ मा लक्षित बर्गको पहिचान गर्नुपर्ने, बुँदा नं ४ मा अनुसुची १ बमोजिमको अंक प्रदान गरी बढी अंक प्राप्त गर्नेलाइ लाभग्रीको रुपमा छनौट गर्नुपर्ने, बुँदा नं ५ मा लाभग्राहीलाइ बैक खाता खोलि कार्य प्रगितका आधारमा दुइ किस्तामा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले उल्लेखित प्रकृया पुरा नगरी २०७९।३।२४ मा १०६ जनालाइ प्रतिब्यक्ति रु १८८६५।०० का दरले जम्मा रु १९९९६९०।०० भुक्तानी दिएको पाइयो । यसरी प्रचलित कार्यबिधिको प्रकृया पुरा नगरी भुक्तानी गरिएकोले वास्तबिक पक्षले प्राप्त गरे नगरेको यकीन गर्न सकिएन ।अतः सोको उपयोगको अवस्था यकीन गर्न छानबिन तथा प्राबिधक मुल्यांकन गरी प्रमाण पेश हुनुपर्ने रु</td><td>१,९९९,६९०</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>संघिय शसर्तः शिक्षा (स्थानीय तह)</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>३५ विद्यालय</td><td>१२८</td><td></td><td>१७</td><td>३३७६</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.२ | | | **शैक्षिक तथ्यांकः** गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७८/०७९ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७८/७९ मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन । | |
| ५८.३ | | | **विद्यालयगत निकासा रजिष्ट्रर:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ५८.४ | | | **शैक्षिक प्रतिवेदनः** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । | |
| ५८.५ | | | **विद्यार्थी संख्या भन्दा बढी छात्रबृत्ती रकम निकासाः** पालिकाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र सम्बन्धित विद्यालयका विद्यार्थीलाइ छात्रबृत्ती वापतको रकम निकासा दिनुपर्नेमा नमुना शैक्षिक तथ्यांक (EMIS मा प्रविष्ट भएका | ५१,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यार्थि संख्या भन्दा बढी देहायको विद्यालयमा छात्रबृत्ती वापतको रकम निकासा भएको देखिएकोले सो रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु..
<table>
<tr><td>बिद्यालयको नाम</td><td>पालिका अनुसार गएको</td><td>इएमआइएस अनुसार संख्या</td><td>बढी भुक्तानी रु</td></tr>
<tr><td>भानुभक्त आ बि</td><td>२८०००।००</td><td>१७०००।००</td><td>११०००।००</td></tr>
<tr><td>लालीगुराँस आ बि</td><td>२६०००।००</td><td>१६०००।००</td><td>१००००।००</td></tr>
<tr><td>अम्बिका आ बि</td><td>९९५००।००</td><td>९९०००।००</td><td>५००।००</td></tr>
<tr><td>गडुलस्नानी आ बि</td><td>७६५००।००</td><td>६४०००।००</td><td>१२५००।००</td></tr>
<tr><td>कालाशिला आ बि</td><td>७१०००।००</td><td>५४०००।००</td><td>१७०००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५१०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.६</td><td></td><td></td><td>विद्यार्थी संख्या भन्दा बढी संख्यामा पाठ्यपुस्तकको रकम निकासाः पालिकाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र सम्बन्धित विद्यालयका विद्यार्थीको लागि उपलब्ध हुने पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्नेमा नमुना शैक्षिक तथ्यांक (EMIS मा प्रविष्ट भएका विद्यार्थि संख्या भन्दा दिएकव पाइयो । पालिकाले भौ नं १३८।२०७९।३।१९ बाट पाठ्यपुस्तक वापतको रकम बितरण गर्दा निम्नानुसाररका बिद्यालयलाइ बिद्यार्थि संख्या भन्दा बढी भुक्तानी दिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><td>बिद्यालयको नाम</td><td>पालिका अनुसार गएको</td><td>इएमआइएस अनुसार संख्या</td><td>बढी भुक्तानी रु</td></tr>
</table>
</td><td>७१,३५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>शंकर मा बि सेरिज्युला</td><td>२८९५५३।००</td><td>२८७०८४।००</td><td>२४६९।००</td></tr><tr><td>मष्टो सरसुबति मा बि</td><td>२७९४४५।००</td><td>२२०८८३।००</td><td>५८५६२।००</td></tr><tr><td>चन्द्रज्योति मा बि</td><td>५३४३८।००</td><td>४९५७६।००</td><td>३८६२।००</td></tr><tr><td>धलपुरामण्डल आ बि</td><td>३८०५९।००</td><td>३१५९६।००</td><td>६४६३।००</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>७१३५६।००</td></tr></table> | |
| ५९ | | | **जलबायू परिवर्तन अनुकुलन आयोजनाः**<br><br>जलबायु परिवर्तन अनुकुलन आयोजनाको लागि यस नगरपालिकालाई जम्मा रु.१३४०००००।०० अनुदान प्राप्त भएकोमा पालिकाले सोबाट जम्मा रु.११३४९१७५।०० खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् । | |
| ५९.१ | | | **पहिरो नियन्त्रण आयोजना निर्माण सामाग्री खरिदमा कानुन पालनाः** नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ बमोजिम यस सहयोग कार्यक्रमबाट सञ्चालन गरिने आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको पक्रिया अपनाई उपभोक्ता समिति वा सेवा प्रदायक संस्थावाट अनुकुलन कार्यक्रम कार्यान्वयन गर्नुपर्ने एवं स्थानीय दररेटलाई आधार मानेर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ मा रु एकलाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा फर्मबाट जम्मा रु ५ लाख सम्मको समान सोझै खरिद गर्न सकिने तथा खरिदलाई टुक्रा पार्न नहुने व्यवस्था छ । साथै सोभन्दा बढीको रकम सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको सिचाई आयोजना कार्यन्वयनको लागि उपभोक्ता समितिमार्फत | ४,८१५,७९३.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्यको सम्झौता गरेकोमा मालसामान खरिद सिलवन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा सोझै खरिद गरेको नियमित गर्नुपर्ने रु | |

| भौचर नं/मिति | आयोजनाको नाम | आपूर्तिकर्ताको नाम | विजक नं/मिति | समानको नाम | रकम |
|---|---|---|---|---|---|
| १५१/७९।३।२४ | लोटे खोला पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति | न्यू संञ्जाल ट्रेडर्स एण्ड सप्लायर्स | ३७/७९।०२।१० | निर्माण सामाग्री | ४३२५५।१० |
| | | | ४४।७९।३।१५ | ग्याविन जालि | १८०४६१।०० |
| | | ठकुराठी सप्लायर्स | ८/७९।१।१८ | जियो टेक्सटाइल | १९०००९।०० |
| | | सिद्धवावा वायर एण्ड ग्याविन प्रालि | १४५।७९।१।२५ | ग्याविन बक्स | ८२५०१३।०० |
| | | | १२१।७९।१।८ | | १०५३९१३।६० |
| जम्मा | | | | | **२२९२६५१।१०** |
| १५२/७९।३।२४ | कालापानि वालुवापाटा पहिरो नियन्त्रण तथा | न्यु हिमान्सु ट्रेडर्स | ४/७९।०३।१२ | ग्याविन जाली | १७०६३०।०० |
| | | सामाना हाउस | ३४/७८।११।१० | निर्माण सामाग्री | १४२००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3"></td><td rowspan="3">वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति</td><td>भाष्कर कृषि फर्म</td><td>१।७९।३।२१</td><td>वास</td><td>२२५५०।००</td></tr>
<tr><td>महेन्द्र विजनेश कन्सर्न</td><td>५५।७९।३।९</td><td>जियो टेक्सटाइल</td><td>२१०१८।००</td></tr>
<tr><td></td><td>५४।७९।३।९</td><td>ग्याविन जाली</td><td>७३८०३१।२५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>९६६४८९।२५</td></tr>
<tr><td rowspan="3">१५०/७९।३।२४</td><td rowspan="3">तुसार खोला पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति</td><td>त्रिवेणी कन्स्ट्रक्सन</td><td>१४/७९।१।२९</td><td>जाली</td><td>४१०६९२।०३</td></tr>
<tr><td rowspan="2">सिद्धवावा वायर एण्ड ग्याविन प्रालि</td><td>१५६।७९।३।९</td><td rowspan="2">ग्याविन बक्स</td><td>४४२८१८।७५</td></tr>
<tr><td>१२४।७९।१।८</td><td>७०३१४२।५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५५६६५३।२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९.२</td><td></td><td></td><td>बढी दररेटमा भुक्तानी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण कार्यको विल भुक्तानी गर्दा नापँजाँच गरी यथार्थ कार्य सम्पन्न प्रतिवेदनको आधारमा नापी किताब बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जलवायु अनुकुलन आयोजना अन्तर्गत पहिरो नियन्त्रण कार्यको लागि देहायका उपभोक्ता समितिहरुवाट कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा लागत अनुमानमा तारमार्फत जाली बुन्ने दररेट राखेको छ । कार्यसम्पन्न प्रतिवेदनमा मेशिन ले बुनेको जाली प्रयोग भएको नापजाँच गरेको तर दररेट मानिसले बुनेको जाली ले भुक्तानी गरेको छ । पालिकाले मेशिनले बुनेको जाली प्रयोग गरेको तर मानिसले बुनेको जालीको दररेटमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>२,३९०,९८१.६१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कालापानि वालुवापाटा पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति भौचर नं १५२/२०७९।०३।२४ जम्मा रकम रु.२३११३८४।०
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा मूल्य</th><th>मेशिनले हुने दर (पालिकाले प्रयोग गरेको)</th><th>जम्मा मेशिन मूल्य</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>Fabrication and filling of 2*1*1 gabin box</td><td>१३७</td><td>१०५९५।७८</td><td>१४५१६२१।८६</td><td>८६६२।४४</td><td>११८६७५४।२८</td><td>२६४८६७।५८</td></tr>
<tr><td>Fabrication and filling of 1.5*1*1 gabin box</td><td>१३७</td><td>८३९५।१८</td><td>११५०२५१।९७</td><td>६४९६।८३</td><td>८९००६५।७१</td><td>२६०१८६।२६</td></tr>
<tr><td>Laying of Geo textile</td><td>३००</td><td>१९६।२९</td><td>५८८८७।००</td><td>१३०।११</td><td>३९०३३।००</td><td>१९८५४।००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५४४९०७।८४</td></tr>
</table>
लोटे खोला पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति, भौचर नं १५०/२०७९।०३।२४ जम्मा रकम रु.२५१७६०९।००
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा मूल्य</th><th>मेशिनले हुने दर (पालिकाले प्रयोग गरेको)</th><th>जम्मा मेशिन मूल्य</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>Fabrication and filling of 2*1*1 gabin box</td><td>३३६</td><td>१०५६९।८०</td><td>३५५१४५२।८०</td><td>८६६२।४४</td><td>२९१०५७९।८४</td><td>६४०८७२।९६</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Fabrication and filling of 1.5*1*1 gabin box | २६३ | ८३७४।१२ | २२०२३९३।५६ | ६४९६।८३ | १७०८६६६।२९ | ४९३७२७।२७ |
| Fabrication and filling of 3*1*0.5 gabin box | ३७ | ८५८८।४३ | ३१७७७१।९१ | ६४९६।८३ | २४०३८२।७१ | ७७३८९।२० |
| Laying of Geo textile | ९५१ | १९५।५२ | १८५९३९।५२ | १३०।११ | १२३७३४।६१ | ६२२०४।९१ |
| जम्मा | | | | | | १२७४१९४।३४ |

**तुसार खोला पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ्ग निर्माण उपभोक्ता समिति, भौचर नं १५१/२०७९।०३।२४ जम्मा रकम रु.५४३२१३२।००**

| कामको विवरण | परिमाण | दर | जम्मा मूल्य | मेशिनले हुने दर (पालिकाले प्रयोग गरेको) | जम्मा मेशिन मूल्य | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| Fabrication and filling of 2*1*1 gabin box | १५२ | १०५६९।८० | १६०६६०९।८० | ८६६२।४४ | १३१६६९०।८८ | २८९९१८।९२ |
| Fabrication and filling of 1.5*1*1 gabin box | १३८ | ८३७४।१२ | ११५५६२८।५६ | ६४९६।८३ | ८९६५६२।५४ | २५९०६६।०२ |
| Laying of Geo textile | ३५० | १९५।५२ | ६८४३२।९९ | १३०।११ | ४५५३८।५० | २२८९४।४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ५७१८७९।४३ | |
| ६० | | | **लघु उद्यम विकास कार्यक्रमः** | |
| ६०.१ | | | **सिलाई मेशिन खरिदः** गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद ३ मा यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको लागि सेवा प्रदायक संस्था मार्फत सम्झौता गरी कार्य सम्पन्न गर्न सकिने व्यवस्था छ । त्यस्तै अनुसुचि ३ मा यस कार्यविधि बमोजिमको रकम खर्च गर्ने क्षेत्र तथा मापदण्ड सम्बन्धी व्यवस्था छ । पालिकाले नयाँ उद्यम सृजना तथा स्तरउन्नति कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्था सँग सम्झौता गरी आफैले सञ्चालन गरेको देखियो । साथै उक्त प्राविधिक तालिमको लागि सेवा प्रदायक संस्थासँग सम्झौता गरी तालिम सञ्चालन गर्नुपर्नेमा आफैले सिलाई मेशिन न्यू नेपाल ट्रेडर्स एण्ड सप्लायर्सबाट खरिद गरी भौचर नं १९२/२०७९।०३।२४ बाट रु४९८०१४।०० खरिद गरी वितरण गरेको पाइयो । उक्त मापदण्ड बमोजिम आय आर्जनमूलक कार्यको लागि मात्र रकम खर्च गर्नुपर्नेमा भौतिक सम्पति खरिद गर्नमा रकम खर्च गरेकोले सो रकम नियमित गर्नुपर्ने रु | ४९८,०१४ |
| ६०.२ | | | **कर्मचारीलाई मार्फत उद्यम सञ्चालनः** गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद ३ मा यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको लागि सेवा प्रदायक संस्था मार्फत सम्झौता गरी कार्य सम्पन्न गर्न सकिने व्यवस्था छ । त्यस्तै अनुसुचि ३ मा यस कार्यविधि बमोजिमको रकम खर्च गर्ने क्षेत्र तथा मापदण्ड सम्बन्धी व्यवस्था छ । पालिकाले नयाँ उद्यम सृजना तथा स्तरउन्नति कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्था सँग सम्झौता गरी सञ्चालन गर्नुपर्नेमा आफैले सञ्चालन गरेको देखियो । यसले गर्दा तालिम कार्यक्रमको रकम भौतिक पूर्वाधारमा समेत खर्च भएको छ । साथै उद्यमशिलता विकास तालिम तथा प्राविधिक सिप विकास तालिमको लागि कुल बजेटको जम्मा ५३ प्रतिशत सम्म खर्च गर्न सक्ने व्यवस्था उक्त अनुसुचिमा रहेको छ । तर पालिकाले यस कार्यक्रमको लागि जम्मा रु१०२७३४०।०० सम्पूर्ण रकम नै तालिमको लागि खर्च गरी भौचर नं १९२/२०७९।०३।२४ बाट बिभिन्न ३ कर्मचारीको नाममा भुक्तानी गरेको उक्त मापदण्ड विपरित देखिएको रु | ४८२,८४९.८ |
| ६०.३ | | | **प्रविधि हस्तातरणः** गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को दफा ४०, ४१ तथा ४२ मा २० प्रतिशत लागत सहभागितामा उद्यमिको लागि प्रविधि हस्तातरण गर्न सकिने, यसको लागि प्रविधि दिर्घकालिन र आय आर्जनमूलक हुनु पर्ने | १४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रमको लागि भौचर नं १९३/२०७९।०३।२४ बाट न्यानो मिक्चर तथा त्रिपाल खरिद गरी यमन ट्रेडर्सलाई रु १२४०००।०० तथा पूर्ण महातरलाई जम्मा रु१६०००।०० गरी जम्मा रु१४०००० भुक्तानी गरेको छ । उक्त मापदण्ड बमोजिमि दिर्घकालिन किसिमको पूर्वाधार र आय आर्जन सृजना गर्न सक्ने पूर्वाधार मात्र प्रविधि हस्तारणमा २० प्रतिशत लागत नगर्दै लिएर मात्र हस्तान्तरण गर्न सकिने तर पालिकाले त्रिपाल र मिक्चर खरिद गरी भण्डार मात्र गरेकोले सो कार्यविधि बमोजिम नभएको रु | |
| ६१ | | | **पकेट विकास कार्यक्रमः**<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा वर्ग तथा समुहले अनुसुचि १० को ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पकेट क्षेत्रको सञ्चालन तथा निरन्तरताको कार्यक्रम सञ्चालन गरेको भएतापनि कुनै पनि सूचना एवं आवेदन तथा मूल्याङ्कन समेत नगरी शुभकालिका भित्रका विभिन्न स्थानहरुमा पकेट सञ्चालनको लागि व्यवसायिक फर्मवाट विउ तथा सामाग्री खरिद गरी सिधै व्यवसायिक फर्मलाई भुक्तानी दिएको साथै एउटा मात्र फर्मसाग सम्झौता गरी रकम भुक्तानी गरेको छ । यसरी म्यानुअलले स्पष्ट गरेको छनौट प्रकृया र विधि बमोजिम पकेट क्षेत्रको पहिचान र अनुदान वितरण गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६१.१ | | | **नयाँ पकेट तथा पकेट निरन्तरता कार्यक्रममा लागत सहभागिताः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री (कृषि विउ विजन, वेर्ना, माछा, भुरा लगायत नश्ल सुधार) कार्यमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध हुने व्यवस्था छ भने कुल लागत अनुमानको ५० प्रतिशत हिस्सा सम्बन्धित स्थानीय फर्म तथा संस्थाले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सञ्चालन गरेको देहायको पकेट कार्यक्रममा देहायका कृषक समूहसँग सम्झौता | ८७,००५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी रकम भुक्तानी गरेकोमा उक्त म्यानुअल बमोजिमको लागत सहभागिता भएको देखिएन । यसरी पालिकाले बढी अनुदान दिएको रकम दस्तावेज बमोजिम भएको नदेखिएको रु..
<table>
<tr><th>फर्मको नाम</th><th>गोश्वरा भौचर र मिति</th><th>कुल लागत अनुमान</th><th>कार्यालयले भुक्तानी रकम</th><th>न्युन लागत सहभागिता</th><th>कैफियत</th></tr>
<tr><td>सिकाउ फलफुल तथा स्याउ पकेट सञ्चालन समिति</td><td>१२९/२०७९।०३।१६</td><td>५७००५०।००</td><td>३४२०३०।००</td><td>५७००५।००</td><td>सिचाईमा संरचनामा लागत पुगेको साथै तालिम अन्य दफामा उल्लेख भएको ।</td></tr>
<tr><td>त्रिवेणी सुन्तला पकेट सञ्चालन समिति</td><td>१४०/२०७९।०३।१६</td><td>१४००००।००</td><td>१०००००।००</td><td>३००००।००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>पहिलो वर्षमा पकेट सञ्चालनः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा पकेट सञ्चालनको पहिलो वर्षमा कृषि पकेटको हकमा वालि विस्तार तथा क्षेत्रफल विस्तारमा मात्र न्युनतम ६० प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वीकृत गरेको पकेट स्थापननै नभएको स्थानमा सिचाईकुलो निर्माण गरी शुन्य लागत सहभागितामा सम्पूर्ण रकमनै भुक्तानी गरेको छ । पकेटको लागि क्षेत्रफल, वालि तथा भुगोल निश्चित नभएको अवस्थामा सिचाई कुलो निर्माण गर्नु संघिय अनुदानको रकम खर्च फ्रिज हुन नदिने उद्देश्यले खर्च गरेको पाइयो । यसरी पकेट सञ्चालनको पहिलो वर्षमा विउ विजन खरिद तथा क्षेत्रफल विस्तारमा खर्च नगरी शुन्य लागत सहभागितामा भौतिक पूर्वाधार निर्माणमा गरेको खर्च कार्यविधि बमोजिम नभएको रु
<table>
<tr><th>भौचर नं</th><th>पकेटको नाम</th><th>कुल कार्यसम्पन्न</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
</table></td><td>१,१८९,४५६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५३/२०७९।०३।२४</td><td>दलहन वालि पकेट उत्पादन समिति वाड नं ८</td><td>५९०२९५।०८</td><td>५८९४५६।००</td><td>शुन्य लागत सहभागितामा पहिलो वर्षमा सिचाई कुलो निर्माण</td></tr>
<tr><td>१५४/२०७९।०३।२४</td><td>दलहन वालि पकेट उत्पादन समिति वाड नं १</td><td>६९५०००।००</td><td>६०००००।००</td><td>न्युन लागत सहभागिता एवं पहिलो वर्षमा वालि विस्तारनै नभईसकेकोमा पोखरी निर्माण, तालिम सञ्चालन गरेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१.३</td><td></td><td></td><td>पकेट कार्यक्रमको रकमबाट तालिम सञ्चालन तथा व्यवस्थापन खर्चः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम नगरपालिकाको अनुदानमा सञ्चालन गरिने पकेट कार्यक्रमको लागि यस म्यानुअल बमोजिम तोकिएका सेवा मात्र उपलब्ध हुने व्यवस्था छ । यस परियोजना बमोजिम पकेटको अनुगमन गर्ने जिम्मेवारी पालिकाको हुने व्यवस्था छ । साथै पालिकाले पकेट सञ्चालनको प्रथम वर्षमा अभिमुखीकरण तालिम सञ्चालन गर्न सक्नेमा पकेट निरन्तरता कार्यक्रममा कृषक समुहलेनै तालिम सञ्चालन गरेको भनि रकम भुक्तानी गरेको छ । यसरी पालिकाले उक्त म्यानुअलको व्यवस्था विपरित पकेट सञ्चालनको रकम तालिम तथा अनुगमन भत्तामा वितरण गरेकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं/मिति</th><th>सहकारी संस्था</th><th>अनुगमन गर्ने पदाधिकारी</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>९२/२०७९।०२।१०</td><td>धान पकेट संचालन समिति</td><td>तालिम तथा अनुगमन</td><td>६००००।००</td><td>तालिम सञ्चालनको रकम भुक्तानी</td></tr>
</table>
</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२९/२०७९।०३।१६ \| सिकाउ फलफुल तथा स्याउ पकेट सञ्चालन समिति \| तालिम \| ४००००।०० \| | |
| ६१.४ | | | **पशु पकेटवाट व्यवसायिक फर्मलाई अनुदानः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा वर्ग तथा समुहले अनुसुचि १० को ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पशु पकेटको लागि कुनै पनि सूचना तथा छनौट विना व्यवसायिक कारोवारगर्ने उद्देश्यले स्थापित फर्महरुलाई अनुदान दिएको छ । अनुदान दिने फर्महरुवाट पालिका तथा अन्य फर्मले समेत पशु खरिद गरेको विजक संलग्न गरेको छन् । यसरी गैर नाफामूलक कृषक समूहहरु गठन गरेर प्रतिस्पर्धाको आधारमा मात्र अनुदान दिनुपर्नेमा पालिकाले व्यवसायिक फर्मलाई अनुदान दिएको प्रचलित कानून विपरित भएकोले सो रकम असुल गर्नुपर्ने रु. | ७००,००० |

| भौचर नं /मिति | व्यवसायिक फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ९६/२०७९।०३।१६ | धुरीमष्टी कृषि सहकारी संस्था | १२५०००।०० | नाफा आर्जन गर्ने सहकारी संस्था |
| ९८/२०७९।०३।१६ | त्रिवेणी बाखा पालन फर्म | २०००००।०० | यस फर्मले बाखा विक्री गरेको विजक अन्य भौचरमा समावेश |
| १००/२०७९।०३।१६ | बालिचौर बाखा पालन फर्म | १२५००००।०० | व्यवसायिक एकलौटी फर्म |
| १४३/२०७९।०३।२४ | त्रिवेणी पशुपालन सहकारी संस्था | १२५००००।०० | नाफा आर्जन गर्ने सहकारी संस्था |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१७८/२०७९।०३।२४</td><td>प्रगतिशिल महिला कृषि तथा पशुपालन सहकारी संस्था</td><td>१२५०००।००</td><td>नाफा आर्जन गर्ने सहकारी संस्था</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७०००००।००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६१.५</td><td></td><td></td><td>पकेट कार्यक्रमको अनुगमनः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा पकेट विकास क्रियाकलाप अन्तर्गत सञ्चालित कार्यक्रमहरुको एकल वा संयुक्ता रुपमा स्थानीय तहले अनुगमन गरी सोको प्रतिवेदन परियोजना कार्यान्वयन इकाइ वा प्रदेश कृषि/पशु कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको पकेट कार्यक्रममा विउ विजन तथा पशुहरु कृषकलाई भरपाईको गरी वितरण गरेकोमा उक्त विउ विजनहरु कृषकले लगाए नलगाएको वा पशु नश्ल सुधारको कार्यक्रमहरु सञ्चालन भएको अवस्थामा सोको प्रगति लेखापरीक्षण अवधिसम्म पेश हुन आएन।यसबाट पकेट कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले म्यानुअलको व्यवस्था बमोजिम निरन्तर पकेटको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>किसान सूचिकरण कार्यक्रमः.<br><br>पालिकाले किसान सुचिकरण कार्यक्रमको लागि रमेश सञ्यालसँग १००० देखी २००० सम्म घरदुरी सुचिकरण गरेवापत प्रति घरधुरी १२५ का दरले पारिश्रमिक पाउने गरी सम्झौता गरेको छ । रमेश सञ्यालले जम्मा १२०१ घरधुरी सुचिकरण गरेको प्रतिवेदन संलग्न गरेकोमा जम्मा रु.१५०१२५।०० मात्र पारिश्रमिक दिनुपर्नेमा भौचर नं २८/२०७८।०९।२२ बाट रु.१८००००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.२९८७५।०० तथा पारिश्रमिक मा सामाजिक सुरक्षा कर रु.१५०२।०० समेत गरी असुल गर्नुपर्ने रु</td><td>३१,३७७</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>स्यानिटरी प्याडः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | | | **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले माहालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्सबाट १८९६४ प्याकेट सेनिटरी प्याड खरिद गरेकोमा लागत अनुमान तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिदलाइ मितव्ययी बनाउने तर्फ निकायको ध्यान जानु पर्दछ । | |
| ६३.२ | | | **सिधै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा स्वीकृत खरिद योजना अनुसार बीस लाख रुपैया सम्म लागत अनमान भएको मालसामान सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले माहालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्सबाट स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी सिधै रु १५०००५३।०० का १८९६४ प्याकेटको सेनिरी प्याड खरिद गरेको पाइयो ।यसरी सिलबन्दी दरभाउपत्र बेगर गरिएको खरिद नियमसम्मत नदेखिएको रु | १,५००,०५३ |
| ६४ | | | **ओ टि सि स्थापना**<br><br>पालिकाका कर्मचारी दिर्घ बहादुर नेपालीले ओ टि सि स्थापना गर्न दराज ३थान, वासिङ्ग मेसिन १ थान लगायतका ७ प्रकारका रु ७०५००।०० का फर्निचर तथा मालसामान खरिद र ढुवानी भाडा रु १२०००।०० भुक्तानी गरी आफै जिन्सी दखिला गरेको पाइयो । यसरी एउटै व्यक्ति खरिद र दाखिला दुबै कार्यमा संलग्न हुँदा आन्तरिक नियन्त्रण भएको अवस्था कमजोर रहेको पाइयो ।ओ टि सि स्थापना गर्नुपूर्ब सोको लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरी पछि खरिद इकाइबाट खरिद प्रकृया अगाडी बढाउनु पर्नेमा सम्पूर्ण प्रकृयामा आफै संलग्न हुनु नियम सम्मत नदेखिएको रु | ७०,५०० |
| ६५ | | | **कन्टिन्जेन्सी खर्च अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।यसबाट कन्टिन्जेन्सी खर्चको वास्तबिकता एकिन गर्न सकिएन।नियमावलीको ब्यवस्था बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **स्वाथ्य भवनमा सोधभर्नाः**<br><br>बिनियोजन ऐन २०७८ को दफा ४ को उपदफा १२ शसर्त अनुदानको रकम खर्च नभइ बचत भएमा त्यस्तो रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक बर्ष समाप्त भएको १५ दिनभित्र संघीय कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत बिगतमा गाउँपालिकाको समानीकरण शिर्षकबाट माग र कर्यप्रगतिका आधारमा स्वास्थ्य केन्द्रको भवन निर्माण गरी रु ६८,४०,०००।०० खर्च गरेकोमा आर्थिक बर्ष २०७८।७९ मा सोही शिर्षकमा बिनियोजित शसर्त अनुदानबाट सोधभर्ना लिएको पाइयो। यसरी समानीकरण शिर्षकबाट स्वास्थ्य भवन निर्माण गरि भुक्तानी भइसकेको अवस्था बजेट फ्रिज जान नदिने उद्धेश्यले सोधभर्ना लिइ स्थानीय संचित कोषमा आम्दानी जनाएको नियम सम्मत नदेखिएको रु | ६,८४०,००० |
| ६७ | | | **गाउँपालिका प्रशासकिय भवन निर्माणः** | |
| ६७.१ | | | **लागत अनुमान र स्वीकृतीः** सार्वजनिक खरिद ऐन २०६४ को दफा ४ मा निर्माण कार्यको विस्तृत नक्सा, डिजाइन तथा नापी तयार पार्नुपर्ने, नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ को ढाँचामा तयार पार्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जम्मा रु.७७५२६२२५।८८ (मुअकर बाहेक) लागत अनुमान गरेकोमा उक्त भवनको विस्तृत डिजाइन नापी तथा नक्सा नभएको साथै भवनको नक्सा पास समेत नगरेकोले लागत अनुमानमा उल्लेख गरिएका कार्य तथा परिमाणहरु सहि र आवश्यक भए नभएको यकिन हुन सकिएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ मा लागत अनुमान स्वीकृत गर्ने अधिकारी तथा नियम ६७ मा वोलपत्र स्वीकृत गर्ने अधिकारीको व्यवस्था भएकोमा गाउँपालिकाको उक्त भवनको लागत तथा वोलपत्रको स्वीकृत तत्कालिन गाउँपालिका अध्यक्षबाट मिति २०७८।१२।३० मा भएको पाइयो । यसरी पालिकाले लागत अनुमान तथा वोलपत्र स्वीकृत नियमावलीको व्यवस्था बमोजिम अधिकार प्राप्त अधिकारीबाट मात्र गर्नुपर्दछ । | |
| ६७.२ | | | **आइटम वाइज दररेटः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ बमोजिमको ढाँचामा तयार गर्नुपर्दछ । यसरी लागत अनुमान तयार गर्दा प्रचलित जिल्ला दररेट र बजारमूल्यलाई आधार मानि सहि र यथार्थपरक गर्नुपर्ने उल्लेख छ । पालिकाले भवन निर्माणको लागत अनुमानमा समावेश गरेका आइटमहरुको परीक्षण गर्दा सिमेन्ट मा पालिका भवन निर्माण सम्म प्रति मेट्रिक टन मूल्य रु२०५८२।०० मात्र हुनेमा लागत अनुमानमा प्रति मेट्रिक टन रु३०४४६ राखी लागत अनुमान तयार पारेको देखियो । यसरी भवन निर्माणको एउटा प्रमुख आइटमा ४७ प्रतिशत बढी राखी अनुमान गर्दा खरिद कार्यको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिस्पर्धा त्यसैमा हुने र निर्माण कार्यको लागत अनुमान बढ्ने हुदाँ सहि र यथार्थपरक दररेटमा लागत अनुमान तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६७.३ | | | **बोलपत्रको प्राविधिक मूल्याङ्कनः** पालिकाले प्रशासकिय भवन निर्माणको लागि जम्मा रु.७७५२६२२५।८८ (मुअकर बाहेक) लागत अनुमान राखी सार्वजनिक खरिद नियमावलीको नियम ३१ बमोजिम खुल्ला बोलपत्र विद्युतिय माध्यमबाट आवह्यान गरेकोमा विभिन्न ३ वटा निर्माण कम्पनिले वोलपत्र पेश गरेको पाइयो । पालिकाले वोलपत्र पेश गरेका ३ वटा निर्माण कम्पनि मध्ये २ वटा निर्माण कम्पनिले साइट अवलोकन प्रमाणपत्र पेश नगरेकोले प्राविधिक मूल्याङ्कनमा असफल भएको भनि लागत अनुमानको ९८।२५ प्रतिशत अकं कवोल गर्ने नेपाल पश्लिक सर्मिला जेभीको मात्र आर्थिक प्रस्ताब खोली सम्झौता गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम २६ को उपनियम (२ग) मा वोलपत्रसम्बन्धी कागजातमा प्राविधिक मूल्याङ्कनको आधार लिदाँ प्रतिस्पर्धा समिति नहुने सुनिश्चता गरेर मात्र लिनुपर्ने व्यवस्था छ । साथै नियम २६ मा निर्माण कार्यको प्राविधिक मूल्याङ्कनको आधारहरुमा स्थलगत कार्यक्षेत्र भ्रमण गर्नुपर्ने व्यवस्था रहेको देखिदैन् । पालिकाले वोलपत्र सूचना निकाल्दा वोलपत्र सम्बन्धी कागजातको पेज २३ बुदाँ नं ११ मा पालिकाको प्रतिनिधिले स्थलगत अवलोकन गरेको प्रमाणपत्र जारी गरेपश्चात मात्र वोलपत्र पेश गर्नुपर्ने व्यवस्था राखेकोमा खरिद प्रकृया निप्पक्ष पारर्दशि र प्रतिस्पर्धात्मक हुन सक्ने देखिएन । साथै नियमावलीले स्पष्ट तोकेका प्राविधिक मूल्याङ्कनका आधारहरु भन्दा फरक प्रतिस्पर्धा सिमित हुने गरी मूल्याङ्कनको आधार लिई सोको आधारमा मात्र अन्य निर्माण व्यवसायिको आर्थिक प्रस्ताव नखोली लागत अनुमानको ९८।२५ प्रतिशत अकं कवोल गर्ने निर्माण व्यवसायिसँग सम्झौता गर्नु खरिद प्रकृया पारदर्शि तथा प्रतिस्पर्धामैत्री भएको देखिएन । | |
| ६७.४ | | | **बहुवर्षिय आयोजनाको श्रोत सुनिश्चितताः** पालिकाले मुअकर बाहेक जम्मा रु ७६१७२४७१।३० अकं कवोल गर्ने नेपाल पश्लिक सर्मिला जेभीसँग मिति २०८१/०४/०४ सम्मको कार्यदेश राखी २०७९।०४।०४ मा ६० प्रतिशत संघिय अनुदान र ४० प्रतिशत गाउँपालिकाको स्रोत बाट निर्माण कार्य गर्ने गरी सम्झौता गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन २०७६ को दफा १८ मा स्वीकृत वजेट तथा कार्यक्रमको आधारमा विनियोजन ऐनमा उल्लेखित रकम मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले ६० प्रतिशत संघिय अनुदान हुने भनि ठेक्का प्रकृया गरी भवन निर्माणको ठेक्का गरेकोमा सोको स्रोत तथा कार्यक्रम स्वीकृत भएको छैन भने आफ्नो स्रोतको रकम समेत विनियोजन गरेको छैन । यसरी स्वीकृत कार्यक्रम तथा बजेट बिनानै खरिद प्रकृया अगाडी बढाउदाँ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सृजना हुने भावी आर्थिक दायित्व व्यहोर्ने स्रोत नहुदाँ निर्माण कार्य अवरुद्ध भई आयोजना अलपत्र पर्ने हुदाँ स्रोत सुनिश्चित भएपछि मात्र खरिद प्रकृया अगाडी बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६८ | | | **डाडुके देखि छापे सम्म सडक निर्माणः**<br><br>पालिकाले डाडुके देखि छापे सम्मको सडक निर्माणको लागि मुअकर सहित रु३००८२०६।३२ मा मिति २०७९।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी अभियान निर्माण सेवासँग सम्झौता गरेकोमा देखिएका व्यहोरानिम्न छन्<br><br>:<br><br>**कार्यसम्पादन जमानत जफत गर्नुपर्नेः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम सम्पन्न नगरी बीचैमा छोडेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र उपदफा ८ बमोजिम सो काम वापत राखिएको पूरै जमानत जफत गरी बाँकी रहेको काम पूरा गर्न आवश्यक पर्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं २/२०७८-७९ बाट डाडुके देखि छापे सम्म सडक निर्माणको लागि अभियान निर्माण सेवालाई रु.३००८२०६।३२ (मू.अ.क.समेत) को सम्झौता गरी मिति २०७८/१०/१८ मा कार्यादेश दिएकोमा कार्यालयको प्राविधिकले मिति २०७९।०३।१२ मा प्राविधिक नापी लिई रु.१९३७७३०।७८ को काम भएको भनि विल नापँजाँच गरेको छ भने निर्माण कम्पनिले विजक नं १५/२०७९।०३।२० मा विजक जारी गरी भौचर नं ३/२०७९।०३।३० बाट सोही रकम भुक्तानी गरेको छ । निर्माण व्यवसायिले तोकिएको समयमा निर्माण कार्य गर्न नसकेको भनि म्याद थपको लागि कुनै निवेदन दिएको छैन भने प्राविधिकले ६४।४१ प्रतिशत मात्र कार्य सम्पन्न भएको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन जारी गरेको छ । यसरी निर्माण व्यवसायीले सम्झौता गरीकार्य सम्पन्न गर्न नगरेकोमा ऐनको व्यवस्था अनुसार निजले पेश गरेको नेपाल बङ्गालादेश बैकको December 21, 2021 को 028/PB: 00161/21 को रु.२०८८३५३ बराबरको कार्यसम्पादन जमानत जफत गरी बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम समेत असुल उपर गर्नुपर्नेमा गाउँपालिकाबाट उल्लिखित कुनै पनि कार्य गरेको देखिएन। यस तर्फ गाउँपालिकाले ध्यान दिई निज निर्माण व्यवसायीले जम्मा गरेको कार्यसम्पादन जमानत जफत गर्नुपर्ने | २,०८८,३५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>शान्तिघाट देखी गापा सम्म सडक निर्माणः<br><br>पालिकाले शान्तिघाट देखी गापा सम्मको सडक निर्माणको लागि मुअकर सहित रु४८७४७७१।२० मा मिति २०७९।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी सापकोटा निर्माण सेवासँग सम्झौता गरेकोमा देखिएका व्यहोरानिम्न छन्:<br>विमा रकम बढी भुक्तानीः पालिकाले सम्झौता गरेको विल अफ क्यान्टिटीमा प्रोभिजनल समको रुपमा विमा वापत रु=१०००००।०० अकं राखेको छ । पालिकाले सापकोटा निर्माण सेवालाई उक्त सडक निर्माण सम्झौता बमोजिम नापजाँच गरेको विलमा विमा वापतको रु.१०००००।०० सहित ४५९४४५७।३६ को विल तथा कार्यसम्पन्न प्रतिवेदन जारी गरेको छ । तर साथै भौचर नं २/२०७९।०२।१५ बाट उक्त निर्माण कम्पनिलाई जम्मा रु.४६९४४५७।०० भुक्तानी गरेकोमा नापजाँच तथा कार्यसम्पन्न रकम भन्दा बढी भुक्तानी भएको रु.१०००००।०० तथा निर्माण कम्पनिले रु.३०१४९।५३ को विमा अभिलेख वापतको प्रमाण पेश गरेकोले बढी भक्तानी दिएको रु.६९८५०।४७ गरी असुल गर्नुपर्ने जम्मा रु</td><td>१६९,८५०.६७</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>माग बेगर सोझै पाइप आपूर्तिः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा मालसामान खरिद गर्नु पूर्व खरिद इकाइले सम्बन्धित शाखाबाट खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।कार्यालयको माग तथा आपूर्ति गरिदिने पत्र बेगर न्यू नितेश ट्रेडर्स मान्मालाइ निम्नानुसारका मालसामान आपूर्ति वापत रु९६४१४३।०० भुक्तानी दिएको पाइयो । उक्त मालसामान पालिकाको जिन्सीमा आम्दानी र खर्च जनाएको पाइएन । सोको छानबिन गरी मागको आवश्यकता, खरिद, दाखिला तथा खर्च भएको पाबिधिक पुष्टयाइ सिहतको प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु<br><br>
<table>
<tr><th>भौ नं</th><th>सामानको विवरण</th><th>परिमाण</th><th>मिति</th><th>दर रु</th><th>रकम रु</th></tr>
<tr><td></td><td>HDPE pipe 20 mm<br>४००० मी</td><td></td><td></td><td></td><td>४९७७३५।०</td></tr>
</table></td><td>९६४,१४३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२७।२०७९।३।३० | HDPE pipe 25mm ३९०० मी | | बिजक नं २११ २०७९।३।२३ | | |
| ४२८।२०७९।३।३० | हेलमेट | ५० वटा | बिजक नं २१२।२०७९।३।२३ | ४५० | २२५०० |
| | गमबुट | ५० जोडा | | १३५० | ६७५०० |
| | सेफ्टी ज्याकेट | ५० वटा | | १८५० | ९२५०० |
| | सेफ्टी पन्जा | ५० वटा | | १५० | ७५०० |
| | घन | ३५ वटा | | १९५० | ६८२५० |
| | सावेल | ३५ वटा | | १९५० | ६८२५० |
| | गैटी | २५ वटा | | ७५० | १८२५० |
| | छिना | ५० वटा | | ६०० | ३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>बेल्चा</td><td>३० वटा</td><td></td><td>६५०</td><td>१९५००</td></tr><tr><td></td><td>हथोडा</td><td>४० वटा</td><td></td><td>६५०</td><td>१८०००</td></tr><tr><td colspan="5">जम्मा</td><td>९६४१४३।००</td></tr></table> | |
| ७१ | | | **उजेलगाँउ देउगडा लुटिया सडक निर्माणः**<br><br>पालिकाले प्रदेश सरकारको समपुरक साझेदीरीमा उजेलगाँउ देउगौडा लुटिया सडक निर्माणका लागि हाम्रो निर्माण सेवासँग २०७८।३।१८ मा सम्पन्न गर्नेगरी २०७७।१२।२४ मा मु अ कर सहित रु ३३२८३८४।८० को सम्झौता भएको पाइयो ।कोरोनाको कारण देखाइ ठेक्काको अवधी २०७८।२।२३ मा गाउपालीका अध्यक्षको निर्णयले ६ महिना थप गरेकोमा सालबसाली प्रकृतिका ठेक्कामा श्रोत सुनिश्चितता बेगर म्याद थप गरेको पाइयो ।यसरी गत आर्थिक बर्षमा कामको नापजँच गरी मु अ कर सहित रु २४८६६२०।३७ को कार्य भएकोमा निर्माण व्यावसायीले २०७८।३।२१ मा रु ३३२८३८२।०० को कर बिजक जारी गरेको पाइयो । गत आर्थिक बर्षमै नापजँच गरी बिजक समेत जारी भइ सकेको अवस्थामा भुक्तानी नदिनुको कारण उल्लख गरेको छैन । यसका लागि भुक्तानी दिनबाँकीको कच्चावारी समेत स्वीकृत भएको पाइएन । एक महिनामै सम्पन्न हुने कामका लागि ६ मिहना म्याद थप गर्नुको कारण समेत खुलाएको छैन ।नापजँच र बिजक बिच परक पर्नुको कारण पालीकाले छानबिन गरी यकीन गर्नु पर्दछ । भुक्तानी दिनबाँकीको स्वकृत कच्चावारी बेगर भुक्तानी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु | २,४८६,६६० |
| ७२ | | | **जस्तापाता खरिद तथा वितरणः**<br><br>आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा पष्टयाइ हुने बिल भरपाइ प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाको वडा नं १ ले भौ नं ७६।२०७९।३।३० बाट उक्त वडामा खरमुक्त छानो कार्यक्रमका लागि एस एस सप्लायर्सलाइ रु २५८७९५।०० भुक्तनी दिएकोमा खरिद गरिएका जस्तापाता जिन्सी आम्दानी बाँधेको | २५८,७९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा सम्बन्धितलाइ बितरण गरेको भरपाइ पशे गरेको पाएन। अतः जस्तापाता जिन्सी दाखिला गरी सम्बन्धितलाइ वितरण गरी जडान गरेको पुष्टयाइ सहितको प्रमाण पेश हुनुपर्ने रु | |
| ७३ | | | **सुधारिएको चुलो खरिदः** | |
| ७३.१ | | | **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेसनको अधिनमा रहि सम्बन्धित नियकायले यस अघि सोही प्रकृतिका मालसामानमा लागेको लागत, प्रचलित बजार दरभाउ, ढुवानी र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाइ आधार लिनु पर्ने व्यवस्था छ। पालिकाले बिभिन्न फर्मबाट दररेट माग गरी हुन आउने औषत रकम रु १४१५९।२९ प्रति चुलो लागत कायम गरेको पाइयो ।यसबाट लागत यथार्थपरक भएको यकीन गर्न सकिएन ।नियमावलीको पालना गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ७३.२ | | | **पूर्व निर्धारित क्षतिपूर्त :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा तोकिएको म्याद भित्र काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी सम्झौता अंकको प्रतिदिन ०।०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षातिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुधारिएको चुलो खरिदका लागि नेपाल इनर्जी कम्पनी प्रा ली सँग २०७९।३।३० भित्र आपूर्ति गर्ने गरी २०७९।२।१० मा मु अ कर सहित रु १८८४८४००।०० को सम्झौता गरेको पाइयो। उक्त फर्मले पूर्ण रुपमा चुलो आपूर्ति नगरी २०७९।३।७ मा ३११ नं को कर बिजक जारी गरेको पाइयो । यसरी तोकीएको म्याद भित्र चुलो आपूर्ति हुन नसकेकोले नियमावलीको व्यवस्था बमोजिम सम्झौता अंकको प्रतिदन ०।०५ प्रतिशतले दिनको क्षतिपूर्ति असुल गर्नुपर्ने रु | ५००,४०० |
| ७३.३ | | | **चुलो आपूर्ति नहुदै भुक्तानीः** सुधारिएको चुलो खरिदका लागि नेपाल उर्जा बिकास कम्पनी प्रा ली सँग २०७९।३।३० भित्र १२०० चुलो आपूर्ति गर्ने गरी २०७९।२।१० मा मु अ कर सहित रु १८८४८४००।०० को खरिद सम्झौता गरी भौ नं १।२०७९।३।१३ मा रु ३७६९०००।०० मोबिलाइजेसन पेश्की दिएको पाइयो। कार्यालयले भौ नं १५।२०७९।३।२५ बाट आपूर्तिकर्तालाइ मु अ कर सहित रु १२२७९४००।०० भुक्तानी दिएको पाइयो ।लेखापरीक्षणका क्रममा सोधपुछ गर्दा चुलो प्राप्त हुन नसकेकोले जिन्सी दाखिला नभएको जानकारी प्राप्त भयो । पालिकाले उक्त फर्मलाइ च नं २३० मिति २०७९।५।२० को पत्रबाट सिघ्र आपूर्तिका लागि ताकेता गरेको भएता पनि आपूर्ति गरेको पाइएन ।मालसामान प्राप्त हुनु अगावै भुक्तानी दिएको रकम रोक्का राखिदिन राष्ट्रिय वाणिज्य बैंक मान्मा शाखालाइ च नं १७६८ को पत्रबाट २०७९।३।२७ मा अनुरोध गरेतापनि सोको | १२,२७९,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जवाफ बैकले पठाएको पाइएन। चुलोहरु आपुर्ति गर्न पूनः ताकेता गर्ने र अग्रिम भुक्तानी रकम सुरक्षित राख्ने तर्फ सम्बन्धित पक्ष चनाखो हुनु पर्दछ ।मालसमान आपूर्ति, दाखिला तथा सम्बन्धितले प्राप्त गरेको पुष्टयाइ सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | |
| ७४ | | | **एक्सरे मेसिन खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेसनको अधिनमा रहि सम्बन्धित नियकायले यस अघि सोही प्रकृतिका मालसामानमा लागेको लागत, प्रचलित बजार दरभाउ, ढुवानी र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाइ आधार लिनु पर्ने व्यवस्था छ। पालिकाले एक्सरे खरिदको लागत तयार गरेको पाइएन। यसबाट खरिद मितव्ययी तथा यथार्थपरक भएको यकीन गर्न सकिएन । नियमावलीको पालना गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ७४.१ | | | **एक्सरे मेसिन खरिदमा स्पेसिफिकसन भिडान :** पालिकाले एक्सरे मेसिन र सेमि अटोक्लेभ अटोमेटिक मेसिन खरिदका लागि गितास्वामी प्रोमेड प्रा लीसँग ४५ दिनभित्र आपूर्ति गर्ने गरी २०७८।८।१२ मा मु अ कर सहित रु ३७६२९००।०० को खरिद सम्झौता गरी भौ नं १७।२०७।३।१६ मा रु ३२७३८३१।०० र संघीय शसर्त बजेटबाट भौ नं १२४।२०७९।३।१६ बाट नपुग रु ४५७२१९।०० भुक्तानी दिएको पाइयो। पालिकाले खरिद गरिएका उपकरणको प्राबिधक स्पेसिफिकेसन जाँच गररनिद मेडी कन्सल्ट प्रा ली लाइ अनुरोध गरेको पाइयो । फ्रि फेज बिद्युत्त प्रसारण लाइन नहुँदा जडान गर्न नसकिएकोले जडान पछि अन्तिम प्रतिबेदन दिइने उक्त प्रा ली ले प्रतिबेदनमा उल्लेख गरेको पाइयो । भौतिक परिक्षण पश्चात जारी गरेको पोष्ट इनस्पेक्सन प्रतिबेदनमा एक्सरे मेसिनको operating manuel, maintenance manuel, certification of calibiration not provided, and inspection model no. not found र semi autoclave machine मा model no. manufactor year, serial no जस्ता बिशेषता भिडान नभएको जनाएको छ ।थ्रि फेज बिद्युत लाइन बिस्तार भइ उपकरण जडान भए पश्चात अन्तिम प्रतिबेदन दिइने जनाएको छ ।साथै एक्सरे मेसिनको टेक्निकल स्पसिफिकेसनमा कन्ट्रि अफ ओरिजिन India (X-Ray)/USA (CR) उल्लेख भएकोमा प्रतबेदनमा कन्ट्रि अफ ओरिजिन चाइना उल्लेख गरेको छ। यसबाट टेक्निकल स्पसिफिकेसन अनुसारकै उपकरण आपूर्ति भए नभएको एकीन गर्न सकिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७४.२</td><td></td><td></td><td>पूर्व निर्धारित क्षतिपूर्त : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा तोकिएको म्याद भित्र काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी सम्झौता अंकको प्रतिदिन ०।०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षातिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले गितास्वामी प्रोमेड प्रा लीसँग ४५ (अर्थात २०७८।९।२८) दिनभित्र आपूर्ति गर्ने गरी २०७८।८।१२ मा मु अ कर सहित रु ३७६२९००।०० को खरिद सम्झौता गरेको पाइयो।उक्त फर्मले २०७८।१२।९ मा DASR0000109 नं को कर बिजक जारी गरि २०८९।१।५ मा पालिकाले जिन्सीमा आम्दानी बाँधेको पाइयो । यसरी तोकीएको म्याद भित्र उपकरण आपूर्ति हुन नसकेकोले नियमावलीको व्यस्था बमोजिम सम्झौता अंकको प्रतिदन ०।०५ प्रतिशतले ६५ दिनको क्षतिपूर्ति असुल गर्नुपर्ने रु</td><td>१०८,२२५</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>शिर्षक फरक पारि खर्च :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकारप्राप्त अधिकारले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको कुराको यकिन गरी बजेट खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था छ ।पालिकाले निम्न खर्च स्वीकृत खर्च शीर्षक भन्दा फरक पारी गरेको पाइयो ।यसरी खर्च शीर्षक फरक पारी बजेज खर्च गर्दा बजेट अनुशासन कायम नहुने हुँदा त्यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>गो भै नं र मिति</td><td>भएको खर्च शिर्षक</td><td>भएका कार्य</td><td>रकम</td></tr>
<tr><td>६।२०७८।६।२४</td><td>सवारी मर्मत</td><td>तेज बहादुर शाहीले ढुवानी भाडा भनी भुक्तानी लिएका</td><td>२५००००।००</td></tr>
<tr><td>२३०।२०७९।२।१८</td><td>संस्थागत विकास खर्च</td><td>संचार खर्च बापत वल्ड लिङकलाई भुक्तानी</td><td>१०७९१८।००</td></tr>
</table></td><td>१,२०९,७६१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३६।२०७९।३।१६</td><td>पदाधिकारी वैठक भत्ता</td><td>संचार खर्च बापत वल्ड लिङकलाई भुक्तानी</td><td>१४६८४३।००</td></tr>
<tr><td>४४९।२०७९।३।३०</td><td>विवध खर्च</td><td>मर्मत, भ्रमण खर्च, इन्धन बापत धिरेन्द्र धामी</td><td>५०००००।००</td></tr>
<tr><td>२४०।२०७९।३।२६</td><td>सवारी मर्मत</td><td>केश प्रसाद जैसीले अनुगमन, पानी संचार तथा राहत उद्दार भनीलगेको पेश्की फस्यौट गर्दा</td><td>२०५०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>तीन कोटेशन विना खरिद<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ मा एक लाख रुपैया भन्दा वढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा निर्माण व्यवसायीकोबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भै नं २४६ मिति २०७९।३।२६ बाट राम प्रसाद संजेलले लगेको पेश्की रु ३८३३४२।०० फस्यौट गर्दा लागत अनुमान तयार नगरी नियमावलीको व्यवस्था विपरित तीन कोटेशन माग नगरि डुगर अर्थमुवर लि बाट रु ३२३१५०।०० को खरिद भएको र बाँकी रुकम रु ६०१९० को विल भरपाई पेश नभएकाले पेश गर्नु पर्ने अन्यथा असुलउपर गरी संचित कोषमा जम्मा गरिनुपर्दछ ।पालिकाले नियमावलीको ब्यवस्था पालना गरि लागत अनुमान तयार पारी प्रतिस्पर्धि तवरले खरिद गरिनुपर्दछ ।</td><td>३८३,३४२</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>खानेपानी मर्मतः<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ४७ (४)मा कुनैकामका लागि पेश्की लिने व्यक्तिले काम सम्पन्न भएको पन्ध्र दिनभित्र सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने बिल भरपाइ र कागजात सहितको प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाका प्रशासन शाखा प्रमुख धिरेन्द्र धामीले बर्षामा खानेपानी पाइप पहिरोले बगाइ मुहान मर्मत गर्न रु ४८००००।०० को पेश्की लिएकोमा भौ नं</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४३०।२०७९।३।२१ बाट रु ४८६७८७।०० खर्च दाबि गरि पेश्की फर्छ्यौट गर्दा देखिएका व्यहोरा निम्नानुसार छन । | |
| ७७.१ | | | प्रशासन शाखा प्रमुख धिरेन्द्र धामीले प्रबिधिकको लागत अनुमान बेगर सफल निर्माण सेवा कालिकोटबाट HDPE पाइप 20mm र 25 mm का क्रमश ३९०० मीटर र ३८०० मीटर गरी मु अ कर सहित जम्मा रु ४८५७८७।०० को पाइप खरिद गरेको बिल र १० जनालाइ प्रतिब्यक्ति२ देखि ३ परिमाणका दरले (लम्वाइ नखुलेको) बितरण गरेको भरपाइ संलग्न गरेको पाइयो। प्राबिधिक ज्ञान आवश्यक पर्ने र अलग अलग बितरण गर्दा पूर्वनिर्धारित लक्ष समेत पुरा हुने देखिदैन । साथै उक्त पाइप जडान गरेको पुष्टयाइ हुने नापजाँच गरेको प्राबिधक बिल तथा प्रतिबेदन समेत पेश गरेको पाइएन । तसर्थ प्रयाप्त आधार सहित खर्च पुष्टयाइ हुने बिपद व्यवस्थापन समितिको निर्णय, प्राबिधकको बिल तथा प्राबिधक प्रतिबेदन पेश हुनुपर्ने अन्यथा खरिदमा संलग्नबाट असुल हुनुपर्ने रु | ४८६,७८७ |
| ७७.२ | | | बिपद व्यवस्थापन ऐन २०७४ को दफा १७ (छ) मा गाउपलिकाका प्रमुखको अध्यक्षतामा गठित स्थानीय बिपद व्यवस्थापन समितिले बिपद प्रभावित क्षेत्रमा राहत तथा उद्धारको व्यवस्था गर्ने र (ठ) मा बिपदमा परी नष्ट भएको क्षतिको तथ्यांक अद्यावधिक गर्ने व्यवस्था छ । समितिले खानेपानी संरचनाको क्षति भएको पुष्टयाइ हुने बिस्तृत तथ्यांक संकलनक नगरी गरिएको मर्मत खर्च रु ४८६७८७।०० खर्च गरेको छ । क्षतिको बिस्तृत विवरण, पिडितको तथ्यांक, लागत अनुमात तथा स्वीकृति बेगर गरिएको खर्चको वास्तबिकता एकीन गर्न सकिएन । | |
| ७८ | | | **पहिरो नियन्त्रण**<br><br>शान्तीघाट देखि चिलखोलसम्म सडक सफा गरे बापत ज्योती निर्माण सेवालाई गो भै नं ४५२ मिति २०७८।११।०८ बाट अग्रीम आयकर रु १९६३०।०० तथा मू अ कर रु ५१०३८।०० कट्टी गरी रु १४०८१२८।०० भुक्तानी गरेकोमा ज्योती निर्माण सेवाले पेश गरेको मिति २०७८।१०।०६, कर विजक नं २ अनुसार कुन क्षेत्रमा कति दिन कति घण्टा कार्य भएको तथा हार्ड रक कटिङ सम्बन्धि दररेट उच्च मूल्यको पेश हुन आएकोले सोको प्राविधिक पुष्टि हुने गरी आधार तथा अन्य प्रमाण सहित पेश गर्नुपर्ने | १,४७८,७९६ |
| ७९ | | | **मू अ कर विजक** | १७९,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु २०००० माथिको मालसामान खरिदमा मु अ करमा दर्ता भएका दर्तावालासँग मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ ।यस पालिकाले सो नियम विपरित मु अ करमा दर्ता नभएको ब्यवसायीबाट विभिन्न पान विलबाट मालसामानको भुक्तानी दिएको पाइएको छ ।गो भै नं २०२ मिति २०७९।२।१६ बाट जै पुरा बमले गाउँसभा संचालन गरे बापत न्यू थापा होटललाई विभिन्न १० ओटा पान विलबाट रु १७९७५०।०० भुक्तानी दिएको पाइयो । यसरी नियम विपरित गरेको खरिदलाई नियमित गर्नुपर्ने | |
| ८० | | | **बिकेन्द्रीकृत पटके खरिद** | |
| ८०.१ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा मालसामान खरिद गर्नु पूर्व खरिद इकाइले सम्बन्धित शाखाबाट खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।पालिकाले खरिद गर्नुपर्ने मालसामानको आवश्यकता पहिचान गरी मागका आधारमा खरिद इकाइ तथा शाखा मार्फत एकीकृत रुपमा खरिद गर्नुपर्नेमा स्वीकृति बेगर पटक पटक शाखागत र व्यक्तिगत रुपमा खरिद गरि मुल जिन्सी खातामा दाखिला भएको यकीन गर्ने आधार पनि छैन। यसरी खरिद गर्दा खरिद मितव्ययी नहुने आत्यावश्यक अवस्थामा मालसामानको अभावमा सेवा अबरुद्ध हुन सक्ने भएकोले खरिद शाखा तथा इकाइ मार्फत खरिद गर्नुपर्दछ । यसका केही उदाहरणहरु निम्न छन । | |

| भौ नं | मालसामानको विवरण | खरिद गर्ने शाखा | रकम रु |
|---|---|---|---|
| ७४।२०७९।१।१५ | ११ थरिका सर्जिकल र औषधीहरु | बबिता कुमारी शाही | ३४०३२७।० |
| ७६।२०७९।१।१५ | १४ थरिका सर्जिकल र औषधीहरु | औषधी खरिद स्वास्थ्य शाखा | २४००४६।० |
| ८२।२०७९।१।२५ | सेनिटरी प्याड | | १५०००५३। |
| ९४।२०७९।३।१७ | औषधी खरिद | बिष्ट मेडिकल सेन्टरबाट खरिद | ३३८२०।०० |
| २०७९।१।८ | औषधी खरिद | मेडिसिन डिष्ट्रिव्यूटरबाट खरिद | ५८३०।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६८।२०७९।३।२४</td><td>बिभिन्न फर्निचर तथा सामान</td><td>दिर्घ बहादुर नेपाली</td><td>७०५००।०</td></tr>
<tr><td>१८८।२०७९।३।२४</td><td>हाम्रो स्टेसनरीबाट फर्नचर खरिद</td><td>दिर्घ बहादुर नेपाली</td><td>५००००।००</td></tr>
<tr><td rowspan="2">१६३।२०७९।३।२४</td><td>औषधी</td><td>बबिता कुमारी शाही</td><td>४०५१६।००</td></tr>
<tr><td>दाल चामल</td><td>बबिता कुमारी शाही</td><td>३८६००।००</td></tr>
<tr><td>२१।०७९।३।२४</td><td>सोलार तथा इलेक्ट्रिक सामान</td><td>शिक्षा तथा खेलकुद</td><td>२५००५०।०</td></tr>
<tr><td>२१।०७९।३।२४</td><td>स्टेसनरी बिभिन्न ३७ वटा बिल</td><td>शिक्षा तथा खेलकुद</td><td>५२३०९८।०</td></tr>
<tr><td>१८।२०७९।३।२४</td><td>स्टेसनरी बिभिन्न ८ वटा बिल</td><td>शिक्षा तथा खेलकुद</td><td>१०००२८४।</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०.२</td><td></td><td></td><td>बतिता शाहीले रिभान्स मेडिहेल्थ प्रा ली बुटवलबाट बिजक नं ११ बाट २०७८।१०।३ मा रु ३४०३२७।०० खरिद गरेको बिल पेश गरेकोमा उक्त सर्जिकल समाग्रीहरु २०७८।९।२८ मै दाखिला भएको पाइयो । खरिद गर्नुपूर्ब दाखिला हुनुले एउटै बिजकको खरिद दोहोरो दाखिला हुने जोखिम हुनसक्ने हुँदा खरिदमा आन्तरिक नियन्त्रण प्रणाली फितलो रहेको पाइयो । यसरी खरिद गर्नुपूर्व दाखिला हुनुको पुष्टयाइ सहितको प्रमाण पेश गर्ने अन्था असुल गर्नुपर्ने रु</td><td>३४०,३२७</td></tr>
<tr><td>८०.३</td><td></td><td></td><td>बबिता शाहीले रिभान्स मेडिहेल्थ प्रा ली बुटवलबाट बिजक नं ११ बाट २०७८।१०।३ मा रु ३४०३२७।०० खरिद गरेकोमा बुटवल देखि सुर्खेत सम्म ढुवानी गरेको भाडा भुक्तानी गरेको छैन । उक्त सर्जिकल सामान सुर्खेतबाट जितेगडा सम्म ढुवानी गरेको जनाइ रुपेश थापालाइ भरपाइ गरी भाडा रु १००००।०० र जितेगडा देखि गाउपालिका सम्म भरिया मार्फत ढुवानी गरि हंस बहादुर शाहीलाइ पुन रु१००००।०० ज्याला भुक्तानी गरेको छ ।खरिद गरिएको स्थानबाट सुर्खेत सम्म ढुवानि नगरी सुर्खेत देखि जितेगडा र जितेगडा देखि गाउपालिका सम्म गरेको ढुवानी खर्च पुष्याइ हुने आधार देखिएन ।अत ढुवानी खर्चको वास्तबिकता यकीन हुन सकेन ।यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>

**समाग्री खरिदको पुष्टयाइः**

आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा पष्टयाइ हुने बिल भरपाइ प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ नं ४१७।२०७८।३।३१ बाट आचार्य आकृति जनरल स्टोर एण्ड अर्डर सप्लायर्सबाट सिल्याक्स, जुत्ता गेमसेट मोजा ट्याकसुट लगायतका मालसामान खरिदको १३ वटा बिजक समाबेश गरी रु २०७७९०।०० बजेट खर्च लेखेकोमा उक्त रकम भुक्तानी लिनेको नाम, खरिदको माग तथा जिन्सी दाखिला भएको र बुझिलएको समेत प्रमाण संलग्न गरेको छैन । यस्ता खर्चको यथार्थता पुष्टयाइ सिहतको प्रमाण पेश गर्ने अन्यथा असुल गरी राजस्व दाखिलाको प्रमाण पेश गर्ने रु

<table>
<tr><td>बिजक नं</td><td>विवरवण</td><td>परिमाण</td><td>रकम रु</td></tr>
<tr><td>७३, ६२, ६६, ६४, ५७, ५९, ६८</td><td>ट्र्याकसुट</td><td>३० जोडी</td><td>१२५२००।</td></tr>
<tr><td>७१</td><td>सिल्याक्स</td><td>८ वटा</td><td>२२४०।००</td></tr>
<tr><td>२१६ ७९ ५५ ५३</td><td>जुत्ता</td><td>२७</td><td>७८६००।०</td></tr>
<tr><td>५३ ५५ ७५</td><td>मोजा</td><td>१२</td><td>१२००।००</td></tr>
</table>

</td><td>२०७,७९०</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>

**अन्यलाई भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गरेकोमा सोही उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तुसार खोला देखी गंगेखोला पहिरो नियन्त्रण समितिसँग सम्झौता गरी पहिरो रोकथामको कार्य गरेकोमा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भौचर नं १७/२०७९।०२।१८ बाट तुसार खोला गंगेखोला सडक निर्माण उपभोक्ता समितलाई भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु

</td><td>४८७,२९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **उपभोक्ता समितिलाई बढी रकम भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवारको भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली को नियम १२२ मा निर्माण सम्बन्धी विलको भुक्तानी गर्दा सम्पन्न भएको कामको नापजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका सडक आयोजनाहरु उपभोक्ता समितिबाट निर्माण गर्दा उपभोक्ता समितिले डोजरको प्रयोग गरेको तथा सो भन्दा थप काम गरेको पाइएन । यसरी डोजरको प्रयोगबाट भएका काममा डोजर वापत निर्माण कम्पनिलाई भुक्तानी गरेको विजक भन्दा बढी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी भएकोले सोको भुक्तानीको विजक पेश गर्नुपर्दछ अन्यथा सो रकम असुल गर्नुपर्ने<br><br>भुक्तानी पाउनेको नाम: बाद देखी चियापनेरासम्म सडक निर्माण<br>भौचर नं/ मिति: १५/२०७९।०३।३०<br>कार्यसम्पन्न रकम: ३२६११०५।१८<br>निर्माण व्यवसायि: एम के कन्स्ट्रक्सन<br>विल नं रकम: ४/०७९।३।१९<br>निर्माण व्यवसायिको विल रकम: २७१६३९५।२५<br>बढी भुक्तानी रकम: ५४४७१०।३३ | ५४४,७१०.३३ |
| ८४ | | | **उपभोक्ता समितिको बिल तथा कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ८५ | | | **लागत सहभागिता**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ८६ | | | **मर्मतसंम्भारः**<br><br>नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरणगरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार गरेको अभिलेख समेत पालिकाले राखेको छैन।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समितिबाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ। | |
| ८७ | | | **हेवी इक्वीमेन्टको प्रयोगः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु बाट निर्माण कार्य गर्ने गरी तयार पारिएका सडक योजनाको लागत अनुमानमा डोजर प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोले सो कार्य उपभोक्ता बाट सोझौ खरिद गर्ने तथा सवकन्याक्टमा लगाउन प्रत्सोहान गरेको देखियो । साथै उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले हेभि इक्युमेन्ट प्रयोग गरी सम्पन्न गर्नुपर्ने कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खुल्ला वोलपत्र तथा सिलबन्दी वोलपत्रको माध्यमबाट अनुभवी निर्माण व्यवसायिबाट सम्पन्न गर्नुपर्दछ । यसका उदाहरणहरु | |

| **गो.भौ.नं./मिति** | **कामको विवरण** | **कुल कार्य सम्पन्न** | **हेभी मेशिनरी वापतको अशं** | **भुक्तानी रकम** | **निर्माण कम्पनी** |
|---|---|---|---|---|---|
| 1५/३/३० | बाद देखी लग्न सडक निर्माण | ३२६११०५।१८ | ३२६११०५।१८ | २७१६३९५।९६ | एम के एस कन्स्ट्रक्सन |
| ९/३/२८ | खोलिखेत कानढुङ्गा सडक निर्माण प्रदेश शशर्त | २३६९३६०।५३ | १८९५४८८।४३ | १९७७९८१।३८ | रियासा निर्माण सेवा |
| ८०/०३/३० | खोलिखेत कानढुङ्गा सडक निर्माण गापा पुजिगत | ११८९३०२।५७ | ११८९३०२।५७ | ९९२८९४।३२ | एस डिके कन्स्ट्रक्सन |
| ३४/०३/२४ | मट्टेपहाडा देखि विजगाउँ सम्म सडक निर्माण | ७५२८८३।८४ | ७५२८८३।८४ | ५३००००।०० | मालिका कन्स्ट्रकसन |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८२/०३/३०</td><td>मष्टाको ढोगाना देखी गाउँ सम्म सडक निर्माण</td><td>२२९९७५७।५७</td><td>१९०९३५७।५७</td><td>१९१९८७५।६५</td><td>हिमान्सु निर्माण सेवा</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>
उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्यः
सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्यनै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भमर तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी व्यवसायि र अनुभवी निर्माण व्यवसायि मार्फत गराउनु उपयुक्त देखिन्छ ।यसका केही उदाहरणहरु निम्न छन् ।
<table>
<tr><td>भौचर नं/मिति</td><td>आयोजनाको नाम</td><td>कुल कार्य सम्पन्न</td><td>उपभोक्ता समितिको अशं</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१०/२०७९।०३।३०</td><td>डाफे मावि भवन निर्माण</td><td>४०८३९२३।४४</td><td>७३२३२२।३०</td><td>३३५१६०१।१५</td><td></td></tr>
<tr><td>१३/२०७९।०३।३०</td><td>शंकर मावि भौतिक पूर्वाधार निर्माण</td><td>५६३८१६८।०६</td><td>९५३७४०।९४</td><td>४६८४४२७।१२</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९</td><td></td><td></td><td>मर्मत सम्भार तथा संरक्षण आदेशः<br><br>कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नु अघि मर्मत सम्भार तथा संरक्षण आदेश म ले प फा नं ४१४ स्विकृत गर्नुपर्दछ । तर कार्यालयले सम्पत्तिको मर्मत गर्दा उल्लेखित व्यवस्था पालना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>उपभोक्ता समितिको अशं कम गरी भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराएका निर्माण कार्यको भुक्तानी गर्दा जनश्रमदानको अशं कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका आयोजना निर्माणको लागत अनुमान स्विकृत गर्दा कायम गरेको जनश्रमदानको अशं मा कम अशंहुने गरी कार्यसम्पन् प्रतिवेदन तयार गरी भुक्तानी गरेकोले सो रकम असुल रु.<br><br>
<table>
<tr><th>आयोजनाको नाम</th><th>कुल लागत अनुमान</th><th>उपभोक्ता समितिको अशं</th><th>कार्यसम्पन्न रकम</th><th>हुनुपर्ने अशं</th><th>भएको अशं</th><th>कम</th></tr>
<tr><td>खोलिखेत कानढुङ्गा सडक निर्माण उपभोक्ता समितिको (प्रदेश शसर्त)</td><td>३६८२५१२।०१</td><td>८०२५१२।०१</td><td>२३६९३६०।५३</td><td>५०२६९२।३४</td><td>३९१३७९।२१</td><td>१११३१३।१३</td></tr>
</table>
</td><td>३५६,९८३.७३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खोलिखेत कानढुङ्गा सडक निर्माण उपभोक्ता समितिको (गाउँपालिका पुजिगत)</td><td>३२५३३०७।७९</td><td>६६१३०७।७९</td><td>११८९३०२।५७</td><td>२१३४७९।८१</td><td>१९६४५३।१३</td><td>१७०२६।६९</td></tr>
<tr><td>मस्टाको ढोगाना देखी गाउँ सम्म सडक निर्माण</td><td>४२७६१९६।३१</td><td>९१६१९६।३१</td><td>२२९९७५७।५७</td><td>४९२८३८।०४</td><td>३७९८८१।९५</td><td>११२९५६।०९</td></tr>
<tr><td>रातीमाटा नाईना सम्म सडक निर्माण उस</td><td>११९७१५०।०६</td><td>४०६९२६।०६</td><td>६६२१४५।८६</td><td>२२५०६३।३७</td><td>१०९३७५।५५</td><td>११५६८७।८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>
असम्बन्धित खर्च उपभोक्ता समितिलाई भुक्तानीः<br><br>
पालिकाले देहायका सडक निर्माण आयोजनाहरु निर्माण गरी भुक्तानी गर्ने क्रममा सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२२ बमोजिम कामको नापँजाँच गरी सोको आधारमा भुक्तानी गर्नुपर्नेमा बाटो खन्ने काममा हेरालु राखेको, डोजरले खन्ने काममा टिप्परबाट ढुङ्गा ओसारेको लगायतका असम्बन्धित खर्च लेखाङ्कन गरी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने
<table>
<tr><td>भौचर नं</td><td>आयोजनाको नाम</td><td>कुल रकम</td><td>उपभोक्ता समितिको अशं</td><td>भुक्तानी रकम</td></tr>
</table>
</td><td>३२५,९४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>८२/२०७९।०३।३०</td><td>मस्टाको ढोगाना देखि गाउँसम्म सडक निर्माण उपभोक्ता</td><td>३९०४००।००</td><td>६४४५५।०४</td><td>३२५९४४।००</td></tr></table></td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>उपभोक्ता समितिलाई मु.अ.करः.<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी दिदाँ मु.अ.कर कट्टा गरी बाकी रकममात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । भौचर नं १४/२०७९।०३।३० बाट घट्टेखेत तटबन्धन निर्माण गरेवापत रकम भुक्तानी गर्दा दररेट विश्लेषणमा निम्न आइटमको मु.अ.कर समावेश गरेको तर उपभोक्ता समितिले उक्त जस्ता पाता मु.अ.कर दर्ता नभएकाबाट खरिद गरेको विल संलग्न गरेकोले देहाय बमोजिमको मु.अ.कर उपभोक्ता समितिलाई बढी भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु<table><tr><td>समानको नाम</td><td>परिमाण</td><td>दररेट</td><td>जम्मा मूल्य (मु.अ.कर सहित)</td><td>मु.अ.कर</td></tr><tr><td>ग्याविन तार</td><td>१३३</td><td>४००</td><td>५३२००।००</td><td>६९१६।००</td></tr></table></td><td>६,९१६</td></tr>
<tr><td>९३</td><td></td><td></td><td>माटोको प्रकार फरक पारी बढी दररेटमा भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग/अन्तिम तथा उपभोक्ता समितिको विल भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएका देहायका आयोजनाहरुमा मानिसको प्रयोग गर्ने गरी दररेटकायम गरी लागत अनुमान तयार पारी सोही बमोजिम भुक्तानी समेत दिएको छ । कार्यसम्पन्न प्रतिवेदन साथ संलग्न गरेको तस्विर समेत विश्लेषण गर्दा माटो काट्ने काममा कडा चट्टान नभएको देखिएको तर कडा चट्टानको दररेटमा भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु.</td><td>४९५,३९४.९२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| कामको विवरण | परिमाण (घनमिटर) | दर | रकम | ढुङ्गा मिसिएको माटोको दर | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| घट्टेखेत तट्बन्धन निर्माण | १९।४० | १४००८ | २७१८११।३० | १३१०।१६ | २५४१७।१० | २४६३९४।९२ |
| शंकर मावि भौतिक पूर्वाधार निर्माण | २४।९० | १३२०० | ३२८६८०।०० | ३२००।०० | ७९६८०।०० | २४९०००।०० |

</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>

**डोजर प्रयोग गरी मानिसको दररेटमा भुक्तानीः**

सार्वजनिक खरिद नियमावलीको नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग/अन्तिम तथा उपभोक्ता समितिको विल भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएका देहायका आयोजनाहरुमा डोजर तथा मानिस दुवैको प्रयोग गर्ने गरी दुईवटा दररेटमा लागत अनुमान तयार पारी सोही बमोजिम भुक्तानी समेत दिएको छ । नापी किताबमा उल्लेख भएका चेनएजहरुमा मानिसको २० प्रतिशत प्रयोग भएको र अन्य माटो काट्ने काममा डोजरको प्रयोग भएको भनि बिल तयार पारेको छ । तर उक्त नापि किताबमा कुन चेनएजमा मानिसको तथा कुनमा डोजरको प्रयोग गरिएको छुट्टाएको छैन भने सबै चेनएजमा समानुपातिक हिसाबले मानिसको अशं निर्धारण गरेको छ ।सामान्यतया एउटै चेनएजमा मानिस र मेशिन प्रयोग गर्न नसकिने तथा यसरी हरेक चेनएजमा मानिस र मेशिन दुबैको प्रयोग गरिनुको प्राविधिक पुष्ट्याई समेत संलग्न गरेको छैन। तसर्थ एउटै चेनेजमा मानिस र मेशिनको समानुपातिक रुपमा प्रयोग गर्नुको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| कामको विवरण | परिमाण (घनमिटर) | दर २० प्रतिशत | रकम | मेशिनको दर २० प्रतिशत | मेशिनले हुने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|

</td><td>७९८,२४५.०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खोलिखेत कानढुङ्गा सडक निर्माण (प्रदेश ससर्त) | ६८७६।८८ | ५३।०४ | ३६४७४९।७१ | १४।९३ | १०२६७१।८१ | २३४०७७।९० |
| | ८४७।२४ | १०७।४० | ९०९९३।५८ | ३१।४८ | २६६७१।११ | ६४३२२।४७ |
| | ६३७।०८ | ४७४।२६ | ३०२१४१।५६ | ३९६।८२ | २५२८०६।०८ | ४९३३५।४८ |
| जम्मा | | | | | | ३४७७३४।९५ |
| खोलिखेत कानढुङ्गा सडक निर्माण (गापा पुजिगत) | ४१४४।०७ | ५३।०४ | २१९८०१।४७ | १९।५२ | ८०८९२।२५ | १३८९०९।२२ |
| | ७२१।९५ | १०७।४० | ७७५३७।४३ | ३५।५६ | २५६७२।५४ | ५१८६४।८९ |
| | २११।१८ | ४८६।४१ | १०२६३२।५१ | ४३१।९० | ९१२०८।६४ | ११४५३।८७ |
| जम्मा | | | | | | २०२१९७।९८ |
| | १०६०।०२ | ५३।०४ | ५६२२३।४६ | १९।५२ | २०६९१।५९ | ३५५३१।८७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">मष्टाको ढोगाना देखी गाउँ सम्म सडक निर्माण</td><td>८१८।६८</td><td>१०७।४०</td><td>८७९२६।२३</td><td>३५।५६</td><td>२९१११।९१</td><td>५८८१४।३२</td></tr>
<tr><td>६३०।३२</td><td>४८६।४१</td><td>३०६५९३।९५</td><td>४३१।९०</td><td>२७२२३५।२१</td><td>३४३५८।७४</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१२८७०४।९३</td></tr>
<tr><td rowspan="3">चुच्चे ढुङ्गादेखि लुसाकोट सडक निर्माण</td><td>१९०२।९०</td><td>५३।०४</td><td>१००९२९।८२</td><td>१४।९३</td><td>२८४१०।३०</td><td>७२५१९।५२</td></tr>
<tr><td>३८९।५५</td><td>१०७।४०</td><td>४१८३७।६७</td><td>३१।४८</td><td>१२२६३।०३</td><td>२९५७४।६३</td></tr>
<tr><td>२२६।१५</td><td>४७४।२६</td><td>१०७२५३।८९</td><td>३९६।८२</td><td>८९७४०।८४</td><td>१७५१३।०४</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>११९६०७।१९</td></tr>
<tr><td colspan="6">कुल जम्मा</td><td>७९८२४५।०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>उपभोक्ता समितिबाट गराएको निर्माण सामाग्री खरिदमा कानुन पालनाः</td><td>४,१३८,८०४.६७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद निउमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराउने निर्माण कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको खरिद प्रकृयाको पालना गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ मा रु एकलाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एउटा फर्मबाट जम्मा रु ५ लाख सम्मको समान सोझै खरिद गर्न सकिने तथा खरिदलाई टुक्रा पार्न नहुने व्यवस्था छ । साथै सोभन्दा बढीको रकम सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको सिचाई आयोजना कार्यन्वयनको लागि उपभोक्ता समितिमार्फत निर्माण कार्यको सम्झौता गरेकोमा मालसामान खरिद सिलवन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा सोझै खरिद गरेको नियमित गर्नुपर्ने रु | |

| भौचर नं/मिति | आयोजनाको नाम | आपूर्तिकर्ताको नाम | विजक नं/मिति | समानको नाम | रकम |
|---|---|---|---|---|---|
| १०/७९।३।३० | डाफे मावि भवन निर्माण | न्यु पाण्डे ग्रिल उद्योग | १९/७९।०३।१५ | निर्माण सामाग्री | ५०८५०।०० |
| | | चौलागाई जनरल स्टोर्स एण्ड अडर सप्लायर्स | २२/७९।३।१८ | निर्माण सामाग्री | १६९६९२३।२६ |
| | | रियासा निर्माण सेवा मालिका कन्स्ट्रक्सन | १३।७९।३।१५ | निर्माण सामाग्री माटो खन्ने | ६३१८६।२१ |
| | | | ६।२०७९।३।१८ | | ३३०४१२।०० |
| जम्मा | | | | | २१४१३७१।४७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="5">१२/७९।३।३०</td><td rowspan="5">लोटेखोला पामारुख देखि पदमारा सिचाई कुलो</td><td rowspan="4">न्यु संञ्याल ट्रेडर्स एण्ड सप्लायर्स</td><td>२८।७९।१।१०</td><td rowspan="5">निर्माण सामाग्री</td><td>४६४८५९।४०</td></tr>
<tr><td>३१।७९।१।१२</td><td>५३६७५०।००</td></tr>
<tr><td>२९।७९।१।११</td><td>५६८४०१।३०</td></tr>
<tr><td>३२।७९।१।१३</td><td>२९१८२२।५०</td></tr>
<tr><td>सफल निर्माण सेवा</td><td>७।७९।१।१।१३</td><td>१३५६००।००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१९९७४३३।२०</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>४१३८८०४।६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>पेश्की फछ्र्यौटः<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ४७ (४) मा कुनैकामका लागि पेश्की लिने व्यक्तिले काम सम्पन्न भएको पन्ध्र दिनभित्र सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने बिल भरपाइ र कागजात सहितको प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले खर्च पुष्टयाइ हुने प्रमाण कागजात बेगर भौ नं २५६।२०७९।३।२६ बाट सरिता कुमारी सुबेदीको पेश्की रु ३०००००।०० फर्छ्यौट गरेको पाइयो ।समयमा पेश्की फर्छ्यैट नभएमा नियमावलीको नियम ५१ अनुसार व्याज गणना गरि असुल गर्नुपर्ने रु</td><td>३००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९७</td><td></td><td></td><td>बिद्यालयमा किसोरी सम्बन्ध कार्यक्रम :<br><br>पालिकाले बिद्यालयमा किसोरीहरुको महिनाबारी स्वच्छता कार्यक्रमका लागि ग्रामिण बिकास सामुदायीक केन्द्र र पालिका बिच २०७७।११।११ मा भएको सम्झौताको बुँदा नं ४ मा कुल बजेट रु ५७३५००।०० मध्ये पालिकाले रु ५०००००।०० (८७%) र ग्रामिण बिकास सामुदायीक केन्द्रले रु ७३५००।०० (१३%) व्यहोर्ने सम्झौता भएको पाइयो । उक्त कार्यक्रममा जम्मा खर्च रु ४५३२८५।०० को भौ नं २७२।२०७८।३।२२ बाट रु ४५३२८५।०० भुक्तानी दिँदा अनुपातिक रुपले रु ५८९२७।०० कट्टी गरी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले बढी रकम असुल हुनुपर्ने रु</td><td>५८,९२७</td></tr>
<tr><td>९८</td><td></td><td></td><td>ढुवानी भाडमा बिबिधता<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। पालिकाले एउटै स्थानमा फरक फरक भाडा भुक्तानी गरी खरिद परिमाणको तुलनामा ढुवानीमा निम्नानुसार खर्च गरेको पाइयो । यसमा एकरुपता काय गरिनु पर्दछ
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>मालसामनको मुल्य</th><th>ढुवानी गर्ने स्थान</th><th>ज्याला/ भाडा</th><th>कैफियत</th></tr>
<tr><td>१८८।०७९।३।२४</td><td>प्लष्टिकका कुर्शि</td><td>५००००।००</td><td>मान्मा देखि गा पा</td><td>१५०००</td><td>३०% ढुवानी</td></tr>
<tr><td>१६८।०७९।३।२४</td><td>फर्निचर र अन्य सामान</td><td>७०५००।००</td><td>मान्मा देखि गा पा</td><td>२२०००</td><td>३२% ढुवानी</td></tr>
<tr><td rowspan="2">७७।०७९।१।१५</td><td rowspan="2">औषधी ढुवानी</td><td rowspan="2">३४०३२७।०</td><td>सुर्खेत देखि जिते</td><td>१००००</td><td rowspan="2">सुर्खेत देखि जिते र जिते देखि गा पा सम्मको दुरी</td></tr>
<tr><td>जिते देखि गा पा</td><td>१००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>फरक हुँदा भाडा समान</td></tr>
<tr><td>२५०।२०७९।३।२६</td><td>वडा नं २ ले सोलार ढुवानी</td><td>सोलार ढुवानी</td><td>जिते देखि वडा</td><td>२९४००</td><td>वडा नं २</td></tr>
<tr><td>२५२।२०७९।३।२६</td><td>मानिस ओसारेको</td><td></td><td>सुर्खेत देखि गा पा</td><td>४२०००</td><td>वडा नं ३</td></tr>
<tr><td>२५२।२०७९।३।२६</td><td>बाँस ढुवानी<br>वडा नं ३</td><td>२५०००।००</td><td>डाँडाखेताट वडा</td><td>१५०००</td><td>६०%ढुवानी</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>
शिर्षक फरक पारी खर्चः<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३८(२) मा अधिकारप्राप्त अधिकारीले स्विकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसार एक शिर्षकमा बिनियोजन भएको बजेट अर्को शिर्षकमा खर्च गरेको पाइयो ।एउटा शिर्षकमा विनियोजन भएको वजेट अर्को शिर्षकमा खर्च गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><td>भौ नं</td><td>बिनियोजन भएको शिर्कक</td><td>खर्च गरेको शिर्षक</td><td>रकम रु</td></tr>
<tr><td>१६९।२०७९।३।२४</td><td>औषधी खरिद</td><td>संचार (रिचार्ज कार्ड)</td><td>१२१५०।००</td></tr>
<tr><td>१८४।२०७९।३।२४</td><td>केश बेसमा आधारित</td><td>नियमित औषधी खरिद</td><td>१६५४६३०।००</td></tr>
<tr><td>१२८।२०७९।३।२९</td><td>शसर्त अनुदान</td><td>करारका कर्मचारीको तलब</td><td>११९४००</td></tr>
</table>
</td><td>१,७८६,१८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | \| \| \| \| १७८६१८०।०० \| | |
| १०० | | | **टुक्रा खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आपूर्तिकर्ताबाट एक आर्थिक वर्षमा ५ लाख रुपैया सम्मको मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपनियम १ मा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटै फर्म तथा व्यक्तिवाट सो सिमा भन्दा बढी खरिद गर्न नसकिने उल्लेख छ । यदि सो भन्दा बढी भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र तथा दफा ३१ बमोजिम खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा पालिकाले एउटै आपूर्तिकर्ताबाट उल्लेखित सिमाभन्दा बढी खरिद गरेको नियमित नदेखिएको रु.. | १,०७७,२०४ |

| भौचर नं/मिति | आपूर्तिकर्ताको नाम | विजक नं/मिति | समानको नाम | रकम |
|---|---|---|---|---|
| | मिलन एग्रोभेट सेन्टर | २९६/२०७८।०७।१५ | कृषि सामाग्री | १९८०००।०० |
| | | ३०८।२०७८।०८।१४ | कृषि सामाग्री | ४३२०००।०० |
| | | ३४३।२०७८।१०।२१ | कृषि सामाग्री | १९८२००।०० |
| | | ३४१।२०७८।१०।२१ | कृषि सामाग्री | १४५००४।०० |
| | | ३४२।२०७८।१०।२१ | कृषि सामाग्री | १०४०००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०१</td><td></td><td></td><td>व्यवसायिक फर्मलाई अनुदानः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा संघिय सरकारबाट प्राप्त अनुदानलाई पुन अनुदानको रुपमा वितरण गर्ने व्यवस्था रहेको देखिदैन् । साथै सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम नाफा आर्जन गर्ने उद्देश्यले स्थापित संस्थाबाट प्रतिस्पर्धात्मक तरिकाबाट मालसामान, निर्माण कार्य तथा अन्य सेवा खरिद गर्नुपर्ने व्यवस्था छ भने अनुदान दिने सम्बन्धी कुनै व्यवस्था रहेको छैन् । यसरी कृषि फर्मलाई अनुदान दिन गाउँ सभावाट पनि कुनै कानून निर्माण भएको पाइएन ।यसरी प्रचलित कानून विपरीत व्यवसायिक फर्म तथा सहकारीलाई कृषि कार्यक्रमको नाममा अनुदान दिनु प्रचलित कानून विपरित भएकोले सो रकम असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>भौचर नं /मिति</th><th>व्यवसायिक फर्मको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२३४/२०७९।०३।१६</td><td>नवदूर्गा वाखा पालन फर्म</td><td>६००००।००</td><td>७० भन्दा बढी बाखा पालेको अनुदान</td></tr>
<tr><td>०१।२०७९।०३।१२</td><td>बालाचौर बाखा पालन फर्म</td><td>६००००।००</td><td>७० भन्दा बढी बाखा पालेको अनुदान</td></tr>
<tr><td>०३।२०७९।०३।२४</td><td>अमर रितु पशुपन्छी फर्म</td><td>६००००।००</td><td>७० भन्दा बढी बाखा पालेको अनुदान</td></tr>
<tr><td>०४/२०७९।०३।२४</td><td>सेन्चुरी एग्रो फर्म</td><td>६००००।००</td><td>७० भन्दा बढी बाखा पालेको अनुदान</td></tr>
</table></td><td>२४०,०००</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>बिल बिजक बेगर भुक्तानी</td><td>१५१,८५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ नियम २ मा बढी परिमाणको काम गराउदा प्राबिधिक पुष्टयाइ र कारण उल्लेख गर्नुपर्ने व्यवस्था छ ।तपशिलका निर्माण कार्यको भुक्तानी दिएकोमा सोको जापजाँच गरेको पाइएन । सोको पुष्टयाइ हुने प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>भुक्तानी रकम रु</th><th>कैफियत</th></tr>
<tr><td>२४९।२०७९।३।२६</td><td>फिल्डको काम गरेको</td><td>३५६००।००</td><td>वडा नं ५ काम भएको प्राबिधिक पुष्टयाइ पेश गर्ने</td></tr>
<tr><td></td><td>टान्सफरमर ढुवानी</td><td>२००००।००</td><td>वडा नं ५, जडान भएको प्रमाण पेश गर्ने</td></tr>
<tr><td>२५२।२०७९।३।२६</td><td>३ जनालाइ ज्याला</td><td>७१२५०।००</td><td>वडा नं ३, काम भएको प्राबिधिक पुष्टयाइ पेश गर्ने</td></tr>
<tr><td>४२४।२०७९।३।३०</td><td>बिज्ञापन छपाइ</td><td>२५०००।००</td><td>वडा नं ४ ले बिज्ञापन छपाएको प्रमाण पेश गर्ने</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>प्रयास आधार बेगर नगद राहत<br><br>आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा पष्टयाइ हुने बिल भरपाइ प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाको वडा नं ७ ले भौ नं ४२९।२०७९।३।३० बाट कोरोननाबाट आर्थिक अवस्था कमजोर भएको पुष्टयाइ हुन कागजात बेगर छनौटको निर्धारित प्रकृया पुरा नगरी ६ जनालाइ प्रतिव्यक्ति रु १००००।०० का दरले ५ जनालाइ प्रतिब्यक्ति रु ८०००।०० का दरले भुक्तानी दिएको पाइयो । पालिकाले कोरोनाबाट रोजगारी गुमाएका ३६९ जनालाइ प्रतिव्यक्ति रु १००००।०० दरले यस अघि बितरण गरि सकेको अवस्थामा पुन खर्च गरेको पाइयो ।यसरी रकम बुझिलिनेको</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>परिचय खुल्ने नागरिकताको प्रमाण पत्र र बैक खाता समेत उलयस्तो खर्च लेखे आधार सहित दोहोरो भुक्तानी नभएको यकीन गरी प्रमाण पेश गर्ने अन्यथा भुक्तानी दिनेबाट असुल गरी राजस्व दाखिला हुनुपर्ने रु
<table>
<tr><td>नाम</td><td>रकम रु</td><td>नाम</td><td>रकम रु</td><td>नाम</td><td>रकम रु</td></tr>
<tr><td>शुक्ला धामी</td><td>१००००</td><td>राजु थापा</td><td>१००००</td><td>मनदेबी उपाध्याय</td><td>८०००</td></tr>
<tr><td>हरी सिम्खडा</td><td>१००००</td><td>तुलराज सिम्खडा</td><td>१००००</td><td>जगदिश सिम्खडा</td><td>८०००</td></tr>
<tr><td>अबि धमला</td><td>१००००</td><td>गौरी सिम्खडा</td><td>८०००</td><td>हर्के कामी</td><td>८०००</td></tr>
<tr><td>प्रकाश सिम्खडा</td><td>१००००</td><td>अबिसरा सिम्खडा</td><td>८०००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>जिन्सी दाखिला<br>
पालिकाले निम्नानुसारका मालसामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको पाइएन । अत जिन्सी दाखिला तथा सोको उपयोगको अवस्था देखिने प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td>सामानको विवरण</td><td>परिमाण</td><td>रकम रु</td><td>कैफियत</td></tr>
<tr><td>२७।२०७८।९।२२</td><td>न्यानो झोला खरिद</td><td>२००</td><td>१९९०००।००</td><td></td></tr>
<tr><td rowspan="2">६५।२०७८।११।२३</td><td>चालम</td><td>१० किलो</td><td>२१५००।००</td><td></td></tr>
<tr><td>दाल</td><td>९० किलो</td><td>१५३५०।००</td><td></td></tr>
</table>
</td><td>६९८,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | तेल | ३ लीटर | ८२५०।०० | |
| १६३।२०७९३।२४ | औषधी | १२ प्रकारका | ४०५१६।०० | |
| २४९।२७९।३।२६ | मोटरसाइकल पार्टस | बिभिन्न | ३६१५०।०० | वडा नं ५ |
| | पेट्रोल | १५० ली | २४०००।०० | वडा नं ५ |
| | स्टेसनरी | १० आइटम | ३०२००।०० | वडा नं ५ |
| २५०।२०७९।३।२६ | राउटर | १ | ४८५०।०० | वडा नं २ |
| | स्टेसनरी | बिभिन्न ६ बिल | ३४२८४।०० | वडा नं २ |
| | ग्रिल खरिद | ८ आइटम | १८४५०।०० | वडा नं २ |
| २५१।२०७९।३२६ | डेल ल्यापटप | १ | ७००००।०० | वडा नं३ |
| | स्टेसनरी | १२ वटा बिल | १३०३००।०० | वडा नं ३ |
| २५२।२०७९।३।२६ | बाँस खरिद | ५० | २५०००।०० | वडा नं ३ |
| ४२४।२०७९।३।३० | मोटरसाइकल पार्टस | २२ वटा | ४१०५०।०० | वडा नं ४ |
| | जम्मा | | ६९८९००।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>न्यायिक इजलाशः<br><br>न्यायीक इजलास सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा स्पेसिफिकेसन, डिजाइन तथा अन्य विवरण तयार पारी लागत अनुमान तयार पारी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले भै नं ४१३।२०७९।३।३१ बाट निशान फर्निचर उघोगलाई न्यायपालिका इजालसको स्टेज तथा फर्निचर वापत रु ९७५०।०० अग्रिम आयकर कट्टा गरी रु ७२४७५०।०० भुक्तानी दिएको पाइयो । निर्माण गरेको इजलासको बिस्तृत लागत अनुमान, मालसामानको स्पेसिफिकेसन तथा कार्यसम्पन्न तयार गरेको पाइएन। लागत अनुमान तथा मालसामानको स्पेसिफिकेसन तयार नहुदा तोकिएकै मालसामान प्रयोग गरी इजलास निर्माण गरेको यकीन गर्न सकिएन । लागत अनुमान तथा मालसामानको स्पेसिफिकेसन तयार गरी निर्माण गर्नेतर्फ निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ र १० मा खर्च भएको पुष्टि गर्ने विल, भरपाई, प्रमाण तथा अन्य कागजातहरु पेश गर्नुपर्ने तथा जिम्मेवार व्यक्तिले भुक्तानी दिन रित पुगे नपुगेको एकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले सो ब्यवस्था विपरित निम्न शीर्षकमा भएको खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण तथा अन्य कागजातहरु विना भुक्तानी दिएको पाइयो ।नियमावलीको पालना गर्दै आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा जिम्मेवर व्यक्तिबाट असुलउपर गरिनुपर्दछ ।<br><br><table><tr><th>गो भै नं र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th><th>कैफियत</th></tr><tr><td>६।२०७८।६।२४</td><td>तेज बहादुर शाही</td><td>विविध सामग्री</td><td>२५००००।००</td><td>विल प्रमाण पेश नभएको।</td></tr></table></td><td>४३८,९१५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०४।२०७९।१।१५</td><td>निशा एण्ड निस्ता होटल</td><td>घरभाडा खर्च</td><td>८१०००।००</td><td>कुनै प्रमाण पेश नभएको</td></tr>
<tr><td>२३०।२०७९।२।१८</td><td>बल्ड लिङक</td><td>संचार सेवा</td><td>१०७९१५।००</td><td>प्रतिलिपी काजजात पेश विजक पेश नगरेको ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०७</td><td></td><td></td><td>
कर दखिला<br><br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पारिश्रमिक भाडा तथा अन्य भुक्तानी गर्दा कट्टी गरेको तपशिलका बिभिन्न कर आर्थिक बर्षको अन्त सम्म राजस्व दाखिला भएको नपाइएकोले प्रचलित नियमानुसार राजस्व दाखिला हुनुपर्ने रु<br><br>
<table>
<tr><td>सि नं.</td><td>शीर्षक</td><td>रकम</td></tr>
<tr><td>१</td><td>अग्रीम आय कर</td><td>३८४४२३४।००</td></tr>
<tr><td>२</td><td>अग्रीम आय कर</td><td>१५४७७५७।००</td></tr>
<tr><td>३</td><td>पारिश्रमीक कर</td><td>५३७२००।००</td></tr>
<tr><td>४</td><td>सवारीसाधन भाडा कर</td><td>६९२०५१।००</td></tr>
<tr><td>५</td><td>सामाजिक सुरक्षा कर</td><td>१०१३८६।००</td></tr>
<tr><td>६</td><td>बहाल कर</td><td>८१७९४।००</td></tr>
<tr><td>७</td><td>मुअकर कर</td><td>८८४०४६।००</td></tr>
<tr><td colspan="2">जम्मा कर रकम दाखिला गर्न बाँकी</td><td>३८४४२३४।००</td></tr>
</table>
</td><td>३,८४४,२३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०८</td><td></td><td></td><td>धरौटी फिर्ता<br><br>आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम मा धरौटी फिर्ता गर्दा मुल्य अभिबृद्धी कर समायोजनको प्रमाण पेश हुनुपर्ने व्यवस्था छ । पालिकाले मु अ कर समायोजनको प्रमाण बेगर तपशिलका धरौटी फिर्ता गरेको पाइएकोले नियमानुसार समायोजनको प्रमाण पेश हुनुपर्ने रु<br>
<table>
<tr><td>फर्मको नाम</td><td>धरौटी रकम रु</td></tr>
<tr><td>एम के कन्ट्रक्सन</td><td>८५०००।००</td></tr>
<tr><td>निभान इन्टरप्राइजेज</td><td>४१५००।००</td></tr>
<tr><td>सामना हार्डवयर एण्ड अर्डर सप्लायर्स</td><td>१०१९००।००</td></tr>
</table></td><td>२२८,४००</td></tr>
<tr><td>१०९</td><td></td><td></td><td>पदाधिकारी तथा कर्मचारी पेश्की<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदयीत्व नियमावली २०७७ को नियम ४७ (४) मा काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफुले सम्पन्न गरेको काम सम्बन्धमा खर्च प्रमाणित गर्ने बिल भरपाइ कागजात सहित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार तपशिलका कर्मचारीलाइ पेश्की दिएकोमा आर्थिक बर्षको अन्तसम्म फर्छ्यौट भएको पाइएन । नियमावलीको व्यवस्था बमोजिम व्याज सहित गणना गरी पेश्की फर्छ्यौट हुनुपर्ने रु<br><br>
<table>
<tr><td>गो भै नं र मिति</td><td>कर्मचारी तथा अन्य व्यक्तिको नाम</td><td>पद</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>४१।२०७८।६।२४</td><td>रामराजा बम</td><td>वडा अध्यक्ष</td><td>विविध खर्च</td><td>५००००।००</td></tr>
<tr><td>६४।२०७८।९।२२</td><td>देवनाथ योगी</td><td>वडा अध्यक्ष</td><td>मसलन्द</td><td>१२००००।००</td></tr>
</table></td><td>२,२७९,५४४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११७।२०७८।९।२२ | रामराजा बम | वडा अध्यक्ष | संघ संस्था साझेदारी कार्यक्रम | ३०००००।०० |
| २७।२०७८।९।२२ | दिर्घ बहादुर नेपाली | जनस्वास्थ्य अधिकृत | कर्मचारीको तलव भत्ता तथा पोसाक खर्च | ६८५४४।०० |
| ३६।२०७८।९।२२ | भाग्यश्री शाही | | मातृ तथा शिशु कार्यक्रम | १८०००।०० |
| १५९।२०७८।१०।१० | धिरेन्द्र धामी | खरिदार | पारिश्रमिक कर्मचारी | ५०००००।०० |
| २२८।२०७९।२।२९ | ज्वालामुखी पंन्चेबाजा समिति | उपभोक्ता समिति | महिला तथा वालबालिका कार्यक्रम खर्च | ९८०००।०० |
| २।२०७८।६।२४ | भोजराम शाही | व्यक्तिगत | फर्निचर तथा फिक्चर | २५०००।०० |
| २९।२०७८।६।२४ | मोहन बहादुर के सी | व्यक्तिगत | विविध कार्यक्रम | १०००००।०० |
| ४६।२०७८।११।२२ | रतन नेपाली | व्यक्तिगत | मा वि शिक्षकको तलव | २०००००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४।२०७८।०९।२२</td><td>रेड इन्टरनेशनल</td><td>आपूर्तिकर्ता</td><td>नमुना बाल विकासको भवन निर्माण</td><td>२०००००।००</td></tr>
<tr><td>५।२०७८।९।२२</td><td>डि आर एन ट्रेर्डस</td><td>आपूर्तिकर्ता</td><td>खानेपानीको लागि पाइप खरिद</td><td>२०००००।००</td></tr>
<tr><td>५।२०७८।९।२२</td><td>डि आर एन ट्रेर्डस</td><td>आपूर्तिकर्ता</td><td>सिंचाइको लागि पाइप खरिद</td><td>३०००००।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२७९५४४।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११०</td><td></td><td></td><td>अनुगमन र सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट आर्थिक वर्ष २०७८।७९ मा सम्परीक्षणको लागि अनुरोध भै नआएकोले सम्परीक्षणको गरिएको छैन।</td><td></td></tr>
</table>